नेपाली

(त्रैमासिक)

२०६८ **वैशाख, जेठ र असार** **पूर्णाङ्क** २११

गुठीको समाचार

सन् २०१२–२०१३ का लागि गुठीको सिटमा भारत कोलकातामा एम.बी.बी.एस्. पढ्न जाने विद्यार्थीहरूको चयन निम्नानुसार भएको छ –

मेडिकल कलेजमा–

शंकर ढुङ्गेल, धनुषा

आर.जी.कार मेडिकल कलेजमा–

प्रीति आचार्य, दाङ

– कार्यालय–सचिव

म. पु. गुठी

'जङ्गबहादुरको बेलाइत यात्रा'

– क.दी.

मदन पुरस्कार पुस्तकालयका लागि जङ्गबहादुरको 'बेलाइत यात्रा' पहिलो संस्करणको महत्त्व अलि उच्च छ । किनभने पुस्तकालयको नाम बोकेर पैलो पटक जनसमक्ष झुल्केको पुस्तक यही थियो । हुन त २०१४ सालको मिति टाँगेर तीनओटा अरू कृति प्रकाशित भएका छन् म.पु.पु.बाट, यो एउटा अनि 'यस्तो पनि' र 'बसाइँ' । तर प्रेसबाट बाहिर निस्केको जेठ-कान्छीको विवेचना गर्दा यो 'जंगे' नै जेठो भएको हो । 'यस्तो पनि' र 'बसाइँ' बनारस छाप्न पठाइएको थियो, पैले 'बसाइँ', पछि 'यस्तो पनि' । 'यस्तो पनि' वासुदेव लुइँटेलले बोकेरै गएका थिए र उनी किताप छपाएर १०/१२ दिनमा नेपाल फर्केका थिए। त्यसको कारण के थियो भने 'बसाइँ' पहिले उतै छापिएर प्रेसले उतै बेच्यो रे भन्ने हल्ला चलेपछि वासुदेवजीलाई फेरि बनारस पठाएर किताप छपाई ल्याउन लगाइएको थियो । यो इतिहास हो– आर्यभूषण प्रेसमा छापिएका दुई पुस्तकको ।

यता जङ्गबहादुर नेपालमै छापिएको थियो ऐतिहासिक 'श्री पशुपति छापाखाना'मा र यसको प्रूफहरू सच्याइदिएका थिए श्यामप्रसाद (लामिछाने) ले । २०१५ साल वैशाख १५ गतेको मिति परेको, व्यवस्थापक बालमुकुन्ददेवको हस्ताक्षर परेको, 'बिल' र भर्पाई मपुपु-मा हालै फेला परेको छ। त्यो बिल-भर्पाई धेरै अर्थमा ऐतिहासिक जस्तो लाग्यो हामीलाई र त्यो जस्ताको तस्तै यहाँ छाप्ने जमर्को गर्दै छौं–

(बाँकी पृष्ठ ३५ मा)

मदन पुरस्कार (मेडिकल) निबन्धहरू

– क.दी.

मदन पुरस्कार गुठीले डाक्टरी पढ्न जाने दुई जना विद्यार्थी छान्ने अधिकार पुरस्कार संस्थापिका रानी जगदम्बाबाट नै प्राप्त गरेको हो। पश्चिम बङ्गाल सरकारले कलकत्ताका दुई मेडिकल कलेजलाई अनुमति दिएपछि उनीहरूले रानी जगदम्बाबाट आर्थिक सहयोग स्वीकार गरेका हुन्। त्यसपछि ती दुवै कलेजमा १/१ जनाका दरले दुई जना विद्यार्थीले रानी जगदम्बाको सिफारिस बमोजिम वर्षैवर्ष पढ्न पाउने व्यवस्था भयो। त्यसै ताका मदन पुरस्कारको स्थापना भएको थियो रानी जगदम्बाद्वारा। म पनि मदन पुरस्कार गुठीको सदस्य-सचिव मनोनीत भएको थिएँ। मैले रानीसाहेबमा बिन्ती चढाएँ– मेरा पितामाता मार्फत– "रानीसाहेबद्वारा सिफारिस गरिने विद्यार्थी छान्ने काम गुठीले पाओस्" भनेर। रानीसाहेबबाट उदारतासहित मेरो प्रस्ताव स्वीकृत भयो। अनि पश्चिम बङ्गाल सरकारलाई रानीसाहेबबाट लेखिएर गयो– "प्रत्येक वर्ष यी विद्यार्थी मदन पुरस्कार गुठीको कार्यालयबाट मनोनीत भई आउनेछन्" भनेर। ऐले आएर विचार गर्दा लाग्छ, यो व्यवस्था अत्यन्त बुद्धिमत्तापूर्वक गरिएछ त्यसबेला। त्यसैको फल हो यो ५६ वर्षदेखि बिना कुनै व्यवधान निर्बाध रूपले यो मनोनयनको कार्य सुचारु रूपले चलिरहेछ। १०८ जना जति नेपाली युवाहरू डाक्टर भएर सेवा गरिरहेछन् ऐले। यो छान्ने काम गर्न गुठीले आफ्नो छनौट प्रक्रियामा क्रमशः अनेक परिमार्जन र सुधार गर्दै ल्याएको छ। गुठीको छनौट कार्य अत्यन्त पारदर्शी र इमान्दार पाराले भैरहेछन् भन्ने धारणा बनेको छ नेपालको शैक्षिक क्षेत्रमा। छनौट प्रक्रियाको मुख्य भाग हो लिखित परीक्षा। त्यसमा १०० मध्ये २० मार्क नेपाली-निबन्ध लेखनलाई दिइन्छ। परीक्षाहलमै दिइएका चार शीर्षकमध्ये एउटा निबन्ध छानेर विद्यार्थीले लेख्छन् आफ्नो निबन्ध। ती कापी जाँच्छन् (नाम नजानी) कुनै विद्वान्ले।

यस वर्ष दिइएका चार निबन्धका शीर्षकमध्ये तीनोटामा मात्र निबन्ध लेखिएछन्, एउटामा कसैले हात हालेनछ! त्यसरी करिब ३०० ओटा निबन्धमध्ये २० मा १७ या १८ नम्बर पाउने केही निबन्ध हामीले यहाँ दिएका छौं।

यी निबन्ध लेख्ने विद्यार्थीहरूको स्तर हेर्दा नेपाली भाषा-साहित्यको भविष्य उज्यालो छ। किनभने यिनै जस्ता विद्यार्थीहरू हाम्रो देशमा नेता भएर आउनेछन् निकट भविष्यमा।

रसास्वादन गरौं– युवा ज्ञान र सीपको! – सम्पादक

संविधान ! संविधान !

– **प्रतीक पाण्डे**
चितवन

आज एकाबिहानै उठेर विश्व साम्राज्यले मलाई टक्र्याएको नयाँ दिनलाई हेर्दै र सूर्यका सुनौला र सुकोमल किरणहरूले धाप मार्दै उठ्न आह्वान गरेको सुन्दै उठें र भन्न मन लाग्यो– जय स्वाभिमान ! जय मेरो माटो !

विभिन्न ऐतिहासिक कालखण्डहरूमा विश्वले समयसमयमा परिवर्तनहरूलाई अँगालेर नयाँ दृष्टि, आशा र भरोसा हामीलाई स्वाभिमानका रूपमा चढाएका छन् र लाग्दछ- तिनैमा टिकेर हाम्रा आवाजहरू बुलन्द हुन्छन् । रिमालझैं एक युगमा एक दिन आउने पर्खाइमा हाम्रा आशातीत नयनहरू कतै देउरालीबाट चियाइरहेका थिए र साँच्चै जनताका दारुण चित्कारसँगै सयौं वर्षका ऐतिहासिक विरासतलाई त्यागेर आखिरमा बाग्मतीमा आफ्नो अन्त्य सेलाउँदै लुसुक्क भाग्यो कतैतिर । जनता साँच्चै विजयी भए । अस्तित्वको लडाइँ त हिजो सिसिफसले लडेकै थिए तर आज सगरमाथाको माथबाट तुमुल ध्वनि निकाल्दै भन्न मन लाग्दछ– हामी साँच्चिकै स्वतन्त्रताका हिमायती हौं। युगौंयुगदेखिको हाम्रो प्यास आज विमान बन्दै हाम्रै आँगनमा अवतरण गरेको छ, बिहानीको लालीमय ऋुल्केघाम बन्दै धेरै समयपछिको तृष्णा भरिएझैं फेरि विश्वले एकपटक भन्यो– सलाम नेपाली मनहरूलाई, ती हिमालझैं निश्छल भावनाहरूलाई र विश्वपरिधि नियाल्ने ती पूर्वाग्रहरहित नयनहरूलाई । साँच्चै आज हामी जनआन्दोलनका बलमा संविधानका धाराहरूमा धरो बन्दै उनिइरहेका छौं, हाम्रा मागहरू शब्दको स्वरूप धारण गर्दै यथार्थताका धरातलहरूमा परेड खेलिरहेका छन् र निकै ऐतिहासिक संवेदनशील कालखण्डबाट समयका टिकटिकहरू गुन्जिरहेका छन् । गाउँमा बाढीसँग डुबेका चाहनाहरूले के पुनर्जीवन पाउलान् ? के तमसुकमा लिलाममा परेका सपनाहरू र चुलोमा निभेका आशाहरूले बाटो समात्लान् ? यी सवालहरू त जिउँदै छन् तर के हामीले विगतमा भोगेका चिस्यानहरूले, तीता यथार्थताहरूले हामीलाई न्याय गर्लान् ? प्रश्नहरूको चाङका चोमोलोङ्मालाई हिजोसम्म त ती

जडभाटहरूले हेर्ने प्रयास त गरेनन् तर के भविष्यले गर्ला? एक पटक सबैले कसम खाने हो कि- सबै कुरा नबनाएर देश मात्र बनाउने, माटाका कणकणमा समाहित भएर यसलाई धड्कनमा जोड्ने र केवल विकाससँग नाता जोडेर अरूलाई तोड्ने ! एकपटक सोच्नै पर्ने बेला भएको छ, पूर्वाग्रहको चस्मा दराजमा थन्क्याएर ! यी कुरा भन्दै गर्दा क्षेत्रप्रतापका शब्दहरू सापटी लिन मन लाग्दछ–

हिमालका कुरा गऱ्यौं, गुराँसका कुरा गऱ्यौं
देशभक्ति देखाउन शहीदका कुरा गऱ्यौं
आऊ अब समय आयो इमानको कुरा गर्ने
देश बिरामी परेको छ, निदानको कुरा गर्ने ॥

यो संविधान वास्तवमा हरेक धड्कनहरूको ढुकढुकी हो, माडी र दोरम्भामा रोएका मनहरूको अभ्यागत हो, सुखानी र पिस्करमा सपना जलाइएका युवाहरूको हो, बाँच्ने अभियानमा ढोडी भगवान् बन्न नखोज्ने हिमाली भावहरूको हो, स्वतन्त्रताका लागि कथित अभेद्य किल्लाहरू तोड्ने हाम्रा आधुनिक प्रमिथसहरूको हो। यो हाम्रो कल्पना, जपना र सर्वस्व हो ।

यद्यपि संविधानका शब्दहरूमा हाम्रा भावहरू मसी बनेर पोखिन थाल्दै छन्, अर्कोतर्फ विगतलाई तौलिने हो भने निराशाका पोखरीमा चुर्लुम्म डुबिन्छ भन्दा अतिशयोक्ति नहोला। आफ्ना निजी स्वार्थपूर्तिका लागि जनताका छोरालाई शहीदका बिल्ला झुन्डचाएर र आदर्शका रङ्गिन कोटमा चम्किलो जलप लेपन गर्दै नदी अनि माटो बेच्न तम्सिनेहरूका ताण्डवनृत्य अचम्मको छ। कठै! हाम्रा हजुरआमाहरू कतै बोक्सी बनेर कुटिए, कतै बूढी भनेर लखेटिए। के हाम्रा आमाहरूका भविष्यको आँगनमा धर्का कोर्ने यिनै हुन् ? आलिशान महलबासी र पसेरागामीहरूले डलरको खेती गर्दै हाम्रा घर-आँगनमा साम्यवादका धान फलाउँछौं भन्दा हाम्रो राष्ट्रियता त लिलाममा परिसकेको छ। मुगलाने मुखियाको हातमा देशको साँचो सुम्पेर अनि पुरानै गुराँस र बुद्धका कपासे अभिमानलाई बोकेर हामीले कहिलेसम्म बाँच्ने ? साँच्चै

रोग, भोक र शोकलाई नवीकरण गरेर । बोलिभियाली जङ्गलमा चे ग्वेभारा त्यसै गर्जेका होइनन्, भोको पेटमा राष्ट्रियता हुँदैन भन्दै। कथनी र करनी बीचको बेमेलले हामीलाई हरेक पाइलामा झापड हान्न थालेको छ । हुँदा खाने र हुनेखानेको बीचमा ठूलो खाडल व्याप्त छ । सयौं वर्षका इतिहास नहुनेहरू आज संसार हाँक्ने भए, ठालुपनका शब्द फलाक्ने भए, हामी हजारौं वर्षको गौरव बोकेर पनि आज पनि उही गाँस, बास र कपासका लागि चिप्लेकीरासरी घस्रिरहेका छौं । कृषिप्रधान देश कुर्सीप्रधान बन्दै छ, राजनैतिक दलले गुणस्तर चिह्न लगाएर पठाएका कथित बुद्धिजीविहरू छ्यापछ्याप्ती भेटिन्छन् तर अब हरेक अन्त्य हुनुपर्छ संविधानमा ! ढुङ्गा टुक्र्याएर जिन्दगी जोड्ने दिदीहरूको ओठमा मुस्कान छाउनुपर्दछ र हामीले गर्वले भन्न सकौं- साँच्चै आजको राष्ट्रियताको परिभाषा हामीले बुझेका छौं । गाउँबहादुरहरू क्षणभङ्गुरतामा रमाएर शहरबहादुर बन्ने प्रवृत्ति बढ्दो छ । सङ्ग्रहालयमा आफ्ना संस्कृति कैद गरेर वास्तवमा हामी कस्तो आधुनिकतातर्फ लम्किरहेका छौं । हामीसँग सबै साधनस्रोत छन् र त्यसलाई उपयोगिताको ढिकीमा कुटेर रकेटमय गतिमा हामीले पृथक् मात्र यात्रा तय गर्नु छ । कविरको कथन छ–

क्या नहि होता है जहाँ ये करनेवाला चाहिए
हतेली पे अपना हि शर ले के मदिना जानेवाला चाहिए !

साँच्चै हामीसँग राष्ट्रियताको गीतापाठ गर्दै र फलाक्दै हिजो फुर्सद थिएन तर अब गणतान्त्रिक नेपालमा जागृत संवैधानिक सपनाको फूलबारी फुलाउनु छ, 'वसुधैव कुटुम्बकम्' को भाव सँगालेर। पुर्खाको पौरखको भाँडो रित्तिएको छ त्यसलाई तेर्स्याउने धृष्टता कसैबाट हुनुहुँदैन र अब हामी बग्नु छ संविधानका आशातीत भेलहरूमा, आकाङ्क्षाका केबुलकारहरूमा, अतीतका युद्धका घाउहरूमा मलम लगाउँदै। हिजोका गल्तीहरूलाई तौलिदै र भोलिका सुवासहरूमा पुलकित हुँदै। लैङ्गिक विभेद, साम्प्रदायिकता, सामाजिक विकृति, विसङ्गतिलाई पाखा लगाउँदै र सङ्घीयता, गणतन्त्र र नयाँ राज्यप्रणालीका मगमगाउँदा फूलहरू ढाकाटोपीका मन्तिर सिउँरिदै। कालापानीमा आइपुग्दा हराउन

लागेको नालापानीको नाक फेरि उठोस् धर्तीका रेखाङ्कित सिमानाहरूमा। जय मातृभूमि, जय माटो !

हिमाल, पहाड र तराईको कोलाजमय मुस्कानमा मुस्कुराउनुपर्छ अबको संविधान, हाम्रो चाहनाको धरोहर बन्दै हाम्रा सासहरूलाई सुरक्षाको निर्धक्कता प्रदान गर्दै । वर्षौंदेखि उत्पीडनमा परेकाहरूले न्यायको बगैंचामा खेल्न पाउनुपर्छ। भ्रष्टचारीले गन्धे बाग्मतीमा आफ्नो सुनौलो आगतको चित्र कोरे हुन्छ । हरेकले सत्ताको समीकरणभन्दा विकासको समीकरणमा जोड दिनुपर्दछ । जनताका अधिकारहरूमा हठात् कसैले घाँटी अठ्याउन पाउनेछैन । आर्थिक विकासको देउसे भैलोमा कर्णाली रूपान्तरित हुन जरुरी छ । जाजरकोट ओखतीमा रुनेछैन र रोल्पा, रुकुमको सास चामल र सातुमा अडिनेछैन । जल, जमिन, जङ्गल र जडीबुटी लगायतका स्रोतमा उच्चतम प्रयोगवादी धार अँगाल्ने नीति- नियमहरू आउन जरुरी छ । संविधानका धारामा सुनौला र बाटुला घारा त कोरिएलान्, सङ्घीयताका प्रावधानहरू, नयाँ राज्यप्रणालीका शैलीहरू तर व्यावहारिक स्वरूप धारण गरिसक्दा के तिनले दिगो शान्तितर्फ हामीलाई डोहोऱ्याउलान्? समयमै विचारहरूको युद्धमा होमिएर माटो सुहाउँदो व्यवस्था अँगाल्न जरुरी छ। सत्यताका न्यायतराजुमा वर्तमानलाई जोखिएन भने भोलि फुर्सदमा रुनुको अर्थ छैन। हाम्रो माटोको टीके पहिचान र नागरिकताका खोस्टाहरू तराई बनेर बल्न सक्छ। त्यसैले बाँचौं हरपल माटो बनेर, यसैका भावमा समाहित भएर र सधैं गर्जिन मन लाग्छ–

अपि स्वर्णमयी लङ्का न मे लक्ष्मण रोचते
जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी ।

संविधानका मूलभूत विषयहरूमा अब नारी समानता, मौलिक हक, न्यायिक स्वतन्त्रता, सार्वभौमसत्ता, वर्गीय विभेदको अन्त्य, जातीय भेदभावको समूल नष्टसहित अन्य कुराहरू पर्नुपर्दछ । संविधान निर्माणको गोरेटोमा दलहरूले देखाएका लाचारीपन र ढिलासुस्तीका लागि यिनीहरू कुख्यात भइसकेका छन् तथापि जनताका मनको बाँध अहिलेसम्म फुटिसकेको छैन । विकासका काम र परियोजनालाई

सुरक्षित राख्न नयाँ प्रतिबद्धतासाथ संविधान आउनुपर्छ। तराई मनहरू आशामा बल्नुहुन्न, विभिन्न जातीय वर्गले हतियार उठाउन नपरोस् र संविधान बनोस्। आशाको जाज्वल्यमान दीप हिजोका दिनले थिचेका स्तरहरूमा शक्ति भर्न सकियोस् र कसैले आत्माभिमानलाई सुम्पनु नपरोस्, साहुका घरहरूमा हली बन्दै समयका कोर्रा खाँदै। समयले हामीलाई विध्वंसकारी शस्त्र त्यागेर समन्वयकारी शास्त्रतर्फ लम्कन प्रेरणा दिएको छ। संविधानको धाराले यद्यपि हाम्रा भान्छाका चुला त नबाल्ला तर आधारहरू भने प्रशस्त गरिदिनेछ र हामीले बाँच्नु छ– उज्यालो आगतमा संविधानको समावेशीकरणमा परेका धाराहरूमा। हरेकका अधिकार सुनिश्चित हुने संविधान सभा बनोस् र हाम्रो परिकल्पनाको नेपाललाई सार्थक रूप दिन यसले गहनतम भूमिका खेलोस्। हाम्रा पाखुराहरू विकासमा जुटून्। भ्रातृत्वको परिचालन गरेर वैज्ञानिक रामराज्य खडा गर्न सकियोस्। आफ्नो विहङ्गावलोकनमा धर्तीका मोती पत्ता लगाउने युवाहरूले विदेशमा जुठे र मानेको पदवी नपाऊन्।। यही भूमिमा अन्तु र अरूणमा ओसाका र क्विटो उभ्याउन सकियोस्। हामीले दोस्रो विश्वयुद्धपछिको जापानी भावनामा डुबुल्की मार्दै माटोप्रति आधुनिक राष्ट्रप्रेम प्रकट गर्नु छ, जहाँ सम्पन्नताका भकारीहरू पौरखले भरियून्। हामीले यथार्थतामा संविधानको प्रतीक्षा गरे पनि यो देशको भाग्य हाम्रै कर्मले निर्धारित रहन्छ, हाम्रै पसिनाले यहाँबाट मौलिक राष्ट्रको जग गाड्न सक्छौं, उन्नतिका महलहरूमा तला थप्न सक्छौं। आखिरमा सच्चा स्वाभिमानलाई हामीले जगाउनु छ। हिजो हेरेर मक्ख पर्दैमा आजले हाम्रो पहिचान बन्दैन। त्यसैले हामी फैलिनु छ– कुना-कन्दराहरूमा शिक्षाको ज्योति बोकेर, समुद्र छिचोल्ने साहस लिएर। रूपान्तरित हुनु छ हामी– हाम्रै पाखापखेराहरूमा, सेता हिमाच्छादित हिमशृङ्खलाहरूमा, कलकलमा सुसाउने नदीहरूमा। हामीले शहीदका सपनामा कुल्चेर भाग्ने कुचेष्टा गऱ्यौं भने इतिहासले लखेट्नेछ। त्यसैले गन्ध आउन थालेको विखण्डनवादी शोचलाई त्याग्न जरुरी छ। आजकल पाइलापाइलामा स्वार्थले हामीलाई पङ्गु बनाएको छ र हामी भ्रम खेती गर्दै बाँच्न थालेका छौं। त्यसैले अबको युग हाम्रो हो। पानी पिएर आगो ओकल्ने हाम्रो साहसको हो। हामीले अतिलाई बौद्धिकताले सम्याउँदै संविधानले

देखाउने गोरेटो र यसले लिने परीक्षामा उत्तीर्ण हुनु पर्नेछ र हाम्रो सफलता-असफलतामा नै हाम्रो मुटुको नेपाल छ। हामीले दिग्विजयको स्वरलहरीलाई गुन्जाउँदै माटोको पहिचानलाई सारगर्भित पार्नु छ ताकि भविष्यले सिकोस् हामीबाट, विश्व अवाक् खाओस् र सबैभन्दा ठूलो हाम्री आमालाई हामीहरूले सिंगार्न सकौं। जय मातृभूमि! जय स्वाभिमान! मेरो देश सधैं हाँसिरहोस्– लालीगुराँसहरूमा, साना नानीका ओठहरूमा!

\+ + +

संविधान ! संविधान !

– अमितकुमार उपाध्याय
रूपन्देही

समयको अखण्ड, अनन्त र निराकार गतिको प्रवाहमा बगिरहेको आजको युग निकै अनौठो र आश्चर्यजनक रूपले अगाडि बढिरहेको छ। विश्वले कोल्टे फेरिसकेको छ। निमेष निमेषमा परिवर्तन र आधुनिकीकरणको प्रयोग भई नयाँ र नौलानौला आविष्कार तथा चमत्कार हेर्न पाइँदै छ। अहिलेको वर्तमान परिप्रेक्षलाई नियाल्दा लाग्छ कि इन्द्रेणी पनि जुनीजुनीमा देखा पर्छ। अहिले विश्व नै नयाँ तरिकाले बदलिदै छ, जसमा विभिन्न किसिममा पुनरसंरचना र विभिन्न खालका परिवर्तनलाई अँगालेको पाइन्छ। हाम्रो देश नेपाल पनि अहिले निकै सङ्क्रमणकालबाट गुज्रिरहेको छ। हाम्रो देश अहिले वर्तमान समयमा "संविधान र शान्ति" का लागि लागिपरेको छ। अहिले हाम्रो देशमा सबै दल, नेता तथा जनताहरूको एक मात्र चाहना र आकाङ्क्षा हो संविधान ! संविधान !

वि.सं. २०६२-०६३ को जनआन्दोलनबाट प्राप्त भएको गणतन्त्रमा नेपाली जनताहरूका सपूतहरूले शहादत प्राप्त गरेर ल्याएको गणतन्त्र हो। यस गणतन्त्रलाई सार्थक बनाउन नयाँ संविधान र दिगो शान्ति कायम गरी मुलुकलाई विकास उन्मुख बनाउनु प्रमुख एजेन्डा हो। समयमा संविधान स्थापना गरी नयाँ नेपालको पहिचानलाई जोगाउनु हाम्रो प्रमुख कर्तव्य हो। यसर्थ हामी सबै नेपालीले आ-आफ्नो ठाउँबाट सक्नेसम्मको योगदान गरी शान्ति र संविधान जारी गराउन ढिलाइ गर्नुहुँदैन।

संविधान सभाको म्याद अब केही दिन मात्र बाँकी छ। यसर्थ अब यसलाई दिर्घायु र चिरायु बनाउनुभन्दा पनि यशस्वी र ओजस्वी बनाउनु सार्थक होला। हाम्रो देशका शीर्ष दलहरूका नेताहरू चाँडो भन्दा चाँडो नयाँ संविधान जारी गर्न प्रमुख एजेन्डामा सहमति गरी निष्कर्षमा पुग्नुपर्छ। हाम्रा नेपाली सपूतहरूले शहादत प्राप्त गरेर प्राप्त गरेको गणतन्त्रलाई निरर्थक जान दिनुहुँदैन।

सार्क बार्करको भाषामा "जब जब यस विश्वमा राज्यक्रान्ति भयो, तबतब मात्र मुलुक लोकतन्त्रतर्फ उन्मुख भएको पाइन्छ।" सन् १७८९ को फ्रान्सेली जनक्रान्तिद्वारा स्थापना भएको लोकतन्त्र एक दशकसम्म गृहयुद्ध र अस्थिरताबाट पीडित भएको थियो। त्यही अवसरलाई प्रयोग गरेर नेपोलियन बोनापार्टले सत्ता कब्जा गरेका थिए। उनले भनेका थिए– "राजाको श्रीपेच सडकमा लडिरहेको थियो, मैले बन्दुकको नालले टिपेर लगाएँ।" नेपोलियनले भनेका थिए– "फ्रान्सका जनताले मैले सत्ता कब्जा गर्दा स्वागत गरेका थिए, यदि मलाई फाँसीमा झुन्ड्याइएको भए पनि खुसीमा उत्सव मनाइन्थ्यो होला।"

गणेशमान सिंहले पनि भन्नुहुन्थ्यो– "हाम्रो देशका जनता हामीलाई जेल हाल्दा पनि दीपावली गर्छन् र जेलबाट छुट्दा पनि।" यसर्थ यस भनाइलाई नियाल्दै अहिलेका जनताले राजनीतिकर्मीहरूलाई हानि नपुऱ्याई सहयोगको भावनालाई आत्मसात् गरेर देशको सपनालाई साकार बनाउनतर्फ उन्मुख हुनुपर्छ। राजनीतिक दलका नेताहरू सत्तालिप्सा, झगडा, तानातान र कुर्सीको भागबन्डालाई त्यागेर संविधानसभाको निर्माणतर्फ ओतप्रोत हुनुपर्छ। ०६२-०६३ को जनआन्दोलन भएको ५-६ वर्ष बितेको छ। तर जनताको आकाङ्क्षा र सपना अझै पूरा हुन सकेको छैन। जनताको आशा अहिले निराशामा बदलिएको छ। यो सबै नेताहरूको गैरजिम्मेवारी हो। यदि नेताहरू आफ्नो लोभ त्यागेर असल विचारधाराका साथ अगाडि बढेको भए आज हामीबीच अहिलेको सङ्कटको घडी आउने थिएन होला। देशमा लोकतन्त्र स्थापना गर्नु छ भने नेताहरूले कुर्सी र पदको मोहलाई त्यागी लोकतान्त्रिक अभ्यास गर्न थाल्नुपर्छ। अलोकतान्त्रिक पद्धतिबाट लोकतन्त्रको स्थापना हुन सक्दैन। आफू अलोकतान्त्रिक विचारलाई

नत्याग्ने अनि लोकतन्त्र स्थापनाका लागि अगाडि बढ्ने भन्ने कुरा कहाँसम्मको जायज विचार हो । अहिले नेताहरूको सत्ता, कुर्सी र अन्य मोहको विचार तँछाड-मछाड र अहमताले गर्दा संविधान निर्माण प्रक्रियामा यति ढिलाइ भएको हो ।

वास्तवमा भन्ने हो भने दलका नेताहरूबीच सहमति नभएर भन्दा पनि व्यक्तिगत अहमता र आग्रहहरूका कारण शान्ति प्रक्रिया र संविधान निर्माणमा ढिलाइ भएको पाइन्छ । होइन भने साना-साना झिनामसिना कुराहरूमा अलमलिएर यति समय लाग्ने थिएन होला । अब यो तँछाड-मछाड र तानातानको अभ्यासलाई त्यागी सबै शीर्ष नेताहरू र सबै नेपालीहरूले संविधान निर्माणको प्रक्रिया टुङ्ग्याउनुपर्छ र मुलुकमा स्थिरता र विकास कायम गरी राष्ट्रको अस्मितालाई जोगाई नयाँ नेपालको संरचना गरी विश्वमा नमुनाको रूपमा चिनाउनुपर्छ र प्रशंसाको पात्र बन्नुपर्छ ।

सर्वोच्च अदालतले जेठ १४ भित्र संविधान जारी भएन भने संविधानसभा स्वतः विघटन हुने निर्णय गरिसकेको छ । यसर्थ अब संविधान निर्माण प्रक्रियामा बाधकका रूपमा देखा परेका समस्याहरूलाई सहमति गरी र प्रक्रिया छोट्ट्याई संविधानको निर्माण पूरा गर्नुपर्छ । अहिले संविधान निर्माणमा आएका प्रमुख एजेन्डाहरू हुन्–

(क) राज्यको पुनर्संरचना

(ख) शासकीय स्वरूप

(ग) न्याय प्रणाली

(घ) नागरिकता सम्बन्धी कुराहरू

सेना समायोजन टुङ्गोमा पुगिसकेको छ। यसर्थ शान्ति सम्झौता भइसकेको र अब केही विशेष दुई-चारवटा प्रमुख कुराहरूमा ध्यानाकर्षण गर्नु पर्नेछ, जसमा राज्यको पुनर्संरचना र शासकीय स्वरूप प्रमुख एजेन्डाहरू हुन् । अहिले नेताहरूबीच सम्झौताको क्रममा 'सङ्घीयता' विशेष रूपमा अघि सारिएको छ । हाम्रो मुलुक विभिन्न जातजाति, भाषा, धर्म र लैङ्गिक आधारमा समष्टिगत रहेको पाइन्छ । तर सरकार केन्द्रित भएकाले देशको सबै ठाउँमा बराबर विकास र अवसर

आएको छैन । यसर्थ देशको सबै प्रान्तमा बराबर विकास कायम गर्न सङ्घीय शासन प्रणालीमा जानु ठीक होला जस्तो लाग्छ । तर सङ्घीयतालाई गलत विचारद्वारा राज्य विभक्त हुन थालेको पाइन्छ। यो निकै गलत हो। सङ्घीयता जातीय आधारभन्दा सबै वर्गलाई समेटेर, सबै भेगलाई समेटी छुट्टै खालको ढाँचामा विभक्त गर्नुपर्छ । अर्थात् देशलाई उत्तर-दक्षिण गरी विभक्त गर्दा हिमाल, पहाड, तराई भाग तीनओटैलाई समेटेर विभक्त गर्दा प्रदेशको विकास र स्थिरता चिरायु हुन सक्छ, नत्र प्रदेश विभाजनतर्फ उन्मुख हुन सक्छ। सङ्घीयतामा केन्द्रमा अलि कम सांसदले पनि कम्तीमा १० जनाको मन्त्रिमण्डले सरकार चलाउन सक्छ र बाँकी अधिकार शक्ति प्रदेशमा रहेकाले राष्ट्रलाई निकै कम समयमा विकास उन्मुख गराउन सकिन्छ किनभने प्रदेशमा रहेको अधिकार र शक्ति स्थानीय निकायद्वारा सञ्चालनमा आउँछ र यसरी सबै आमजनताहरूले हरेक अधिकारलाई अनुभूति गर्न र प्राप्त गर्न सक्छन् । तर जनतालाई आत्मनिर्णयको अधिकार दिनु निकै गलत कदम हुन सक्छ किनकि आत्मनिर्णयको अधिकारले मुलुक टुक्रिने अवस्थामा पुग्न सक्छ, जुन अहिले रूसमा सर्वविदितै छ। यसरी नै स्वायत्त प्रदेशको माग पनि जायज नरहेकाले यसलाई अस्वीकार गरी अगाडि बढ्नुपर्छ ।

दोस्रो ठूलो एजेन्डा शासकीय प्रणाली हो, जसमा विभिन्न दलहरूले विभिन्न किसिमका विचार व्यक्त गरेका छन्। कसैले प्रत्यक्ष प्रधानमन्त्री र अप्रत्यक्ष राष्ट्रपतिको माग गर्दै छन् भने कसैले संसदीय व्यवस्थामा निहित प्रधानमन्त्री र अधिकारविनाको राष्ट्रपतिको माग गर्दै छन् त कसैले प्रत्यक्ष राष्ट्रपति र अप्रत्यक्ष प्रधानमन्त्री। कसैकसैले भने मिश्रित प्रणालीमा जानुपर्ने कुरा गरिरहेका छन्। तर जहाँसम्म देशको भविष्य कल्पना गर्ने हो भने अहिलेको जस्तै व्यवस्था अर्थात् संसदीय व्यवस्थामा रहेको प्रधानमन्त्री जसको प्रमुख अधिकार रहने र केही केही अधिकार मात्र राष्ट्रपतिलाई दिने भन्ने विचार ठीक होला जस्तो लाग्छ। यसै गरी न्याय प्रणाली अर्थात् सर्वोच्च अदालतलाई सर्वोच्च रूपमा स्वच्छ र सफा राख्नुपर्छ अर्थात् न्याय प्रणालीको प्रमुख स्थललाई संविधानभित्र गाभी तल पुऱ्याउनुहुँदैन ।

त्यसै गरी नागरिकताको सम्बन्धमा सही व्यक्तिलाई मात्र नागरिकता प्रदान गर्ने र बाहिर मुलुकका संस्थाहरूसँग आबद्ध रहेर हाम्रो देशभित्र छिर्ने प्रयासमा रहेका व्यक्तिहरूप्रति कडा निगरानी राखी सही जाँच गरी अनि मात्र नागरिकताको प्रमाणपत्र प्रदान गर्नुपर्छ । यसरी नै अहिलेको समयमा महिलाहरूलाई समान हक प्रदान गर्ने र महिला वर्गलाई अगाडि ल्याउनका लागि आमाको परिचयबाट पनि उनीहरूका सन्तानलाई नागरिकता प्रदान गर्नु जायज होला ।

यी सबै माथि उल्लेख गरिएका कुराहरूमा ध्यान पुऱ्याई एकदम छिटोभन्दा छिटो सहमति गरी संविधान जारी गरेर देशमा शान्ति र विकास तथा नयाँ नेपालको परिचय विश्वव्यापी रूपमा गराउन सक्नुपर्छ । यसर्थ अब शीर्ष दलका नेताहरूले आपसी मतभेद त्यागी सहमतिको बाटो रोजी प्रमुख एजेन्डालाई सम्झौता गरी असल र स्वच्छ तथा जायज एजेन्डाहरूलाई नयाँ संविधानमा प्रस्तुत गरी "संविधान र शान्ति" प्रक्रियालाई टुङ्ग्याउनुपर्छ र देशलाई विकास उन्मुख बनाउनुपर्छ । अहिलेको कार्यशैलीले हाम्रो देशले छिट्टै नयाँ संविधान प्राप्त गर्छ भन्ने आस सबै नेपालीमा पलाएको छ । आशा गरौं कि म्यादभित्रै संविधान जारी होस् र देशले एउटा नयाँ जन्म लेओस् !

\+ + +

लङ्का जित्ने हनुमान्, जस पाउने ढेडु !

– अशेष भण्डारी
काठमाडौं

विचित्रको यो राष्ट्रमा विचित्रका घटनाक्रम घट्दैमा अचम्म मानेर बस्नुपर्छ भन्ने होइन । हाम्रा बाउबाजेले सतीले सरापेको यो राष्ट्रलाई आफ्नो परिपक्व मस्तिष्कले बडो सावधानीपूर्वक तौलिएर भनेका रहेछन्– "लङ्का जित्ने हनुमान् जस पाउने ढेडु !" जब म स्मृतिका पाना पल्टाउँछु, कहिलेकाहीं बडो सान्दर्भिक एवं मार्मिक परिघटना मेरो दृष्टिपर्दामा चलचित्र बनेर दौडिन थाल्छ । आमा

बार्दलीमा सूर्यनमस्कार गरिरहँदा हामी दुई दाजुभाइ सबेरै बडो सफाले पोतिएको आँगनमा खेल्दै थियौं। बज्यैको खोपीबाट हराएको चाँदीको आभूषणले अघिल्लो दिन घरमा मच्चाउनु रडाको मच्चाएको थियो। त्यो दिन सबेरै भएकाले फिल्को बल्नै पाएको थिएन। म आँगनबाट दृष्टि उठाएर माथि आमालाई नियाल्न थालें। उनको कञ्चन चरित्रमा हिजो बज्यैले 'चोर' उच्चारित बडो डरलाग्दो हिलो छ्यापेकी थिइन्। उनका नीला आँखाभित्र छलाङ मार्न पुगें, अहँ ! त्यहाँ त रत्तिभर पनि दुर्विचारको तुस थिएन, थियो त केवल निस्स्वार्थ मातृत्व र सेवा भावनाका उत्कृष्ट ज्वारभाटाहरू। आमालाई निर्दोष ठम्याएपछि, म त्यो गहना जसरी पनि खोजेर ल्याउने अठोटमा पुगें। भाग्यवश, त्यो गहना बज्यैको खोपीको पलङमुनि रहेछ। अब गएर आमालाई निर्दोष देखाउनुपर्छ भनेर के दौडिन लागेको थिएँ, भाइले घ्याप्प छोपेर कुलेलम ठोकिहाल्यो अनि बरन्डामा बत्ती काट्दै गरेकी बज्यैलाई टक्र्याइहाल्यो। अब यो भन्दा के चाहिएको थियो- 'कान्छो' त्यस दिनका लागि प्रधानमन्त्रीभन्दा उच्च ओहोदामा पुगिसकेको थियो। एक महिनासम्म गाउँभरि उसको प्रशंसामा शब्दको खोलो उर्लियो। मलाई मेरो अघि ङिच्च दाँत देखाएर हाँस्नुको विकल्प थिएन- मेरो मन अमिलिएको अमिलियै छ भने भाइ मनको लड्डु घिउसँग चपाउँदै। छिः कस्तो फसाद !

मेरो कर्णजालोमा ती छ अक्षरका उखानको ग्रामोफोन बज्नेबित्तिकै प्रथमतः म मेरा आदर्शवादी पुर्खाहरूअघि नतमस्तक हुन पुग्दछु। उनीहरूको दूरदर्शिता, कर्मठता र सुरुबुरुको विराट् स्वरूप अघि त म एउटा भुसुनो सरह तुलिएको छु। जीवनमा भोगेका अनुभव, उकाली-ओराली जीविकोपार्जनले सिकाएको पाठ र उनीहरूले बुझेको नेपाली समाजलाई कति उत्कृष्ट र कति सारगर्भित तवरले उनीहरूले हाम्रासामु पस्किएका छन्– सत्मार्गमा डोऱ्याउन बडो महान् पहल गरेका छन् ! तर हामी त्यसलाई नकार्दै भौतिकवादको चास्नीमा चुर्लम्म डुबेका छौं। अन्धानुकरणले हाम्रो विवेक खोक्रिएको छ अनि हामी ती महान् प्रेरणापुञ्जबाट जाज्वल्वित प्रकाशलाई जडसूत्रवादी र रूढिवादी कहलाएर पाखण्ड प्रदर्शन गर्न तल्लीन छौं। हामीले ती

विचार, ती दर्शन र त्यो अनुशासनको अपरिमेयता बुझ्न सकेका छैनौं। बाजेबज्यैले औंला थामेर जीवनको सत्मार्गतिर डोऱ्याउने पुण्य गरिरहँदा हामी त्यसलाई छाड्दै भौतिकतावादले नचाउने सर्वेनाच नाच्न मस्त छौं। मलाई त लाग्छ, वर्तमान परिप्रेक्ष्यमा हाम्रा आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीलाई जीवन-जगत्को गहिराइ बुझाई समाजका सर्पहरूलाई छिचोल्न सिकाउँदै आत्मानुशासन र सत्मार्गको गोरेटोमा डोऱ्याउने एउटा कुशल पथ-प्रदर्शकको आवश्यकता छ।

समाज एउटा भाँडो हो जहाँ हरेक व्यञ्जनको सम्मिश्रण रहेको छ। यो समाजमा विचारको खेती गर्ने, समाजलाई अग्रगमनतर्फ लम्काउने राष्ट्रप्रेमी देखि तुच्छ र निकृष्ट कर्मले धमिल्याएका पात्रहरू छन्। अतः नेपाली समाजमा रामसँग साक्षात्कार पनि हुन सक्छ रावणसँग परिचयात्मक भेट पनि।

तर फरक यत्ति हो कि रामको कमी छ अनि रावणको उर्लंदो भीड। यस्तो परिप्रेक्ष्यमा आफू सावधान भई हिंड्नुको विकल्प छैन। समाज र राष्ट्रमा पानीमाथि ओभानो बन्न खोज्ने धेरै छन् अझ सोझा-साझाको सिंडी बनाएर महल चढ्नेको पनि कमी छैन। एवंरितले अरूलाई कज्याएर आफू आँखाको नानी बन्न खोज्ने त यत्रतत्रसर्वत्र भेटिन्छन्। हामी युवाहरू, जसमा भर्खरै परिपक्वताका गिनिचुनी टुसाहरू मौलाउँदै छन्, समाजका यस्ता सर्पहरूबाट टाढिन सक्नुपर्दछ। अनि यसका निम्ति हाम्रा पुर्खाहरूले आफ्नो अनुभव र ज्ञानको ढोका खोलिदिएका छन् जसको जीवन नै एउटा विश्वविद्यालय हो अनि उत्साहजनक उपस्थिति छ, मुटुका बाधा अड्चनलाई धुजाधुजा पार्ने अगम्य साहसले अभिसिञ्चित छ, रगतमा पसिनाको परिश्रमको खेतीले स्वर्णिम फल फलाउने उच्च अभीप्सा छ। तर आफूले फलाएको फलमा धेरैका कुदृष्टि परेका छन् र जीवनको एक गल्तीले सबै सोपान भत्किन सक्छन् अनि उपलब्धिका खम्बाहरू धरमराउन सक्छन्। अतः हामीलाई ढेडुले थाङ्नामा सुताएर हनुमान्को नियति भोग्न लगायो भने त्यो अवश्य पनि एउटा तिक्त अनुभव बन्न पुग्नेछ।

हनुमान्को नियतिको सान्दर्भिकता राष्ट्रको राजनैतिक परिवेशमा बडो मार्मिक रूपले देखिएको छ। राष्ट्रविकासको अभिभारा निकटतम

भविष्यमा बोक्ने भनिएका युवापुस्ताको दयनीय अवस्थाले यसलाई सार्थक तुल्याएको छ। राष्ट्रलाई समृद्धि र सम्पन्नताको चरमोत्कर्षमा पुऱ्याउने भन्दै हिंड्ने नेताहरूलाई राष्ट्रका ढुकढुकी युवापुस्तालाई मायाजालमा फसाएर राष्ट्रलाई खाडलमा धकेल्न उन्मुख छन्। शारदा-सेवाबाट टाढिएर विद्यार्थीहरू झन्डे राजनीतिमा लिप्त छन्। नेताहरूले आफूलाई शक्ति हत्याउने साधन बनाएको देख्न नसक्ने विद्यार्थीहरू आफ्नो भविष्यको बर्बादी आफैं कोर्न पाएकामा मक्ख छन्। यस्तो परिदृश्य बडो दयनीय र करुणामय छ। विकसित राष्ट्रका युवाहरूले प्रविधिको खेतीबाट सुन फलाएका छन्, विकासको दौडमा ठूलो फड्को कसरी उक्लने भन्ने ध्याउन्नमा छन्, अनि हामी फर्सीटाउकेहरू आफ्ना मस्तिष्कका उर्वर तन्तुहरूलाई बेरोजगारी र अल्लारेपनको एसिडमा कुहाउन तत्पर छन्। अरूले विकासका नाममा विज्ञानरूपी जादुको छडी चलाउँदा हामी तोडफोड र सत्ताको राजनीतिले ओरालो झरिरहेका छौं। हामीमा उपलब्धि र अनुसन्धान गर्ने शोच नै छैन, न त विचारको खेती गर्ने ल्याकत नै। हाम्रो उल्टो मस्तिष्कले उल्टै दिशामा देशको डुङ्गा चलाइरहेको छ अनि समृद्ध नेपालको सुन्दर नक्सालाई फोहोरी राजनीतिको अग्निलहरमा जलाएको छ।

भावुक भएर म यस्तो बेला यी पङ्क्तिहरू सम्झन पुग्छु–

बाँझो जमीनका
अपाङ्ग जनतादेखि तर्किएर,
लक्ष्मी उत्तर-दक्षिण बाँडिएकी छिन्।
निकृष्ट मस्तिष्कदेखि तर्सिएर,
सरस्वती हामीबाट टाढिएकी छिन्।

हामी थाङ्नामा सुताइएका छौं तैपनि हामी निद्रामा मस्त परेका छौं। अरूले चन्द्रमा टेक्दा हामी नेताहरूको पाउ समाउँदै हिंड्दै गरेका छौं। के यस्तो तवरले राष्ट्रनिर्माण सम्भव छ? अवश्य छैन।

तसर्थ हामीले मस्तिष्कको बन्द ढोका उघार्ने पहल गर्नु अत्यावश्यक छ। नराधमी नेताहरूबाट ठगिनुले लज्जास्पद तुल्याएको

छ, बरु विद्यार्जनबाट सक्षम र सत्गुणी नागरिक बनेर राष्ट्रलाई डोऱ्याउने जिम्मा आफूले ग्रहण गर्नुपर्ने अवस्था आइसकेको छ। देश खोक्रचाउन उन्मुख नेता भनाउँदाहरूलाई काशीवास पठाएर राष्ट्रलाई समुन्नत भविष्यतर्फ डोऱ्याउने ल्याकत हामीमा नै छ र यसलाई पूर्णपालन गर्नु हाम्रो जिम्मेवारी हो। हामी ढेडुले ठगिने हनुमान् होइन, समृद्धिको मसाल चोरेर ल्याउने प्रमिथस बन्न सक्नुपर्छ भन्ने मलाई लाग्न थाल्छ, जब म ती सम्झनाका पानाहरू पल्टाउँछु जसको एक पानामा लेखिएको छ– "लङ्का जित्ने हनुमान्, जस पाउने ढेडु !"

\+ + +

साक्षरता र शिक्षा

– **विक्रम कार्की**
सिन्धुली

साक्षरता र शिक्षा एकअर्काका परिपूरक हुन् । शिक्षा नै साक्षरताको मूल आधार हो भने साक्षरताद्वारा नै शिक्षा र यसका विभिन्न आयामहरूको सङ्गठित उत्थान हुन्छ। यी दुई पूर्वाधारहरूको पारस्परिक समानता र साक्षरताको उचित उपयोग नै राष्ट्रको समग्र विकास र उत्थानको मूल मन्त्र हो ।

शिक्षित अथवा साक्षर नागरिक नै राष्ट्रको गौरव हो, शिक्षाद्वारा हासिल हुने साक्षरता र त्यसले जन्माउने शैक्षिक योग्य जनशक्ति नै विश्वको समसामयिक आवश्यकता रहेको छ । कुनै पनि व्यक्तिको सफलता र आत्मसन्तुष्टिलाई निर्देशन गर्ने शिक्षा र उसको साक्षरताले उभ्याउने सक्षम र सुदृढ जनशक्तिलाई नै आज सम्पूर्ण विश्वजगत्ले रोजेको अवस्था छ । विभिन्न विद्यालय, क्याम्पस, शैक्षिक संस्था, विश्वविद्यालय आदिबाट सिकाइने महत्त्वपूर्ण ज्ञानसँगै जीवनमा लागू हुने व्यावहारिक शिक्षादीक्षाबाट नै समृद्धिको सुनौलो बाटोको मार्ग खुल्दछ।

आज मानवजगत्लाई श्रेष्ठताको उच्चतम विन्दुमा गौरवशाली बनाएर उभ्याउने शिक्षाका मद्दतले नै विभिन्न राष्ट्रका झन्डाहरू शिर ठाडो बनाएर फहराउन सफल भएका छन् । शिक्षाबिनाको समृद्धि

अकल्पनीय र असम्भव बनिसकेको परिवेशमा साक्षरता नै सर्वश्रेष्ठताको निर्माता हो भन्न सकिने अवस्था बनेको छ । यति सफलता र सुदृढताको सम्भावना भए तापनि शिक्षा र यसको व्यावहारिकतामा अझै पनि अप्ठ्यारा प्रश्नचिन्हहरू रहँदै आएका छन् ।

नेपाललगायत अरू थुप्रै राष्ट्रमा अझै पनि शिक्षा र यसका विभिन्न आयामहरूको उचित र व्यावहारिक व्यवस्थापन हुन सकेको छैन । यसले देशलाई उज्यालो र सुव्यवस्थामा लैजानुभन्दा पनि अझै अँध्यारो र अव्यवस्थित बाटोतर्फ विभिन्न राष्ट्रहरूलाई धकेलिरहेको छ। शिक्षाको उपयोगितालाई छायाँमा पार्दै विभिन्न विद्यालय, क्याम्पस र शैक्षिक संस्थाले गर्दा नै आज शिक्षा सम्पत्ति आर्जन गर्ने प्रमुख पेशा बन्दै गएको छ । गुणस्तरीय एवं व्यावहारिक ज्ञानलाई बढावा दिनुभन्दा पनि लोभलालच र अनियमितताले शिक्षाको क्षेत्रमा जरा गाडिसकेको छ। किताबी ज्ञानभन्दा पनि व्यावहारिक र जीवनोपयोगी शिक्षालाई महत्त्व दिनुपर्ने बेलामा यस्तो गरिएको पाइँदैन । शिक्षा र साक्षरताको नाममा गुणस्तरहीन शिक्षाका कारण आज जनशक्तिको समुन्नत भविष्यमाथि अन्धकार छाएको छ । भ्रष्टाचार, घूसखोरी, अनियमितताका कारण आज शिक्षाक्षेत्र नै आशङ्काको घेराभित्र बाँधिएको छ । यस्तो अव्यवस्थित चालचलनले नै शिक्षालाई नराम्रो रूपमा हेरिन थालिएको छ ।

यस्ता समस्याहरूलाई समाधान गरेर समुन्नत र व्यावहारिक शिक्षा नीति लागू गर्नु आजको प्रमुख आवश्यकता बन्दै गएको छ । शिक्षाले नै राष्ट्रको राजनीतिक, आर्थिक, सामाजिक, नैतिक, व्यावहारिक, ऐतिहासिक आदि क्षेत्रहरूलाई प्रत्यक्ष प्रभाव पार्ने हुनाले सर्वप्रथम शिक्षाको सुदृढता दिनु जरुरी छ । साक्षरता र यसले उभ्याउने दक्ष एवं सुदृढ जनशक्तिको हेक्का राख्दै यो क्षेत्रमा आएका र आउन सक्ने थुप्रै समस्याहरूलाई एकपछि अर्को गर्दै लैजानुपर्दछ । शिक्षाले गर्दा नै विश्व परिवेशमा एउटा राष्ट्रको गौरवमय चिनारी खुल्दै जान्छ । वर्तमान परिवेशमा शिक्षा र यसले उभ्याएका विभिन्न विकासका पूर्वाधारहरूका कारण नै संसार ठूलो भौगोलिकताबाट सानो र छरितो बन्दै आएको छ । स्वास्थ्य, सञ्चार, राजनीति, खेलकुद आदि क्षेत्रको

विकासका कारण नै आज मानिस सुखी र सम्पन्न छ। अँध्यारोबाट निकालेर उज्यालो बिहानीको घाममा आएको जस्तै अनुभूति दिन शिक्षाले महत्त्वपूर्ण भूमिका खेल्छ। शिक्षाकै उपयोगिताको विभिन्न गहकिला उदाहरण आज सबैसामु प्रस्ट भइसकेको छ, जसकारण विभिन्न विकासशील राष्ट्रहरूले पनि शिक्षालाई प्राथमिकता दिइरहेका छन्। साक्षर हुनु नै प्रगतिपथमा अग्रसर भएर जीवनमा सफलताको मीठो फल चाख्नु हो। शिक्षाले कसैलाई पनि भेदभाव नगर्ने र यसको अथाह उपस्थिति रहने हुनाले जसले पनि यसलाई सम्मान गर्नुपर्दछ।

मानिसको जीवनमा शिक्षाले एकदमै महत्त्वपूर्ण र प्रभावकारी भूमिका निर्वाह गर्दछ र यसैकारणले उसले आफ्नो जीवनको सही मूल्य बुझेर अरूलाई पनि यसैको मार्गमा लाग्न प्रेरित गर्दछ। संसार प्राचीनकालका अनेकौं अप्ठ्यारालाई उछिन्दै आजको अवस्थामा आइपुग्नुमा शिक्षाको नै भूमिका रहिआएको छ। यसले गर्दा नै मानिसले आज कल्पनाको संसारलाई बिर्सेर यथार्थ र व्यावहारिक जीवन बाँच्न थालेका छन्। सञ्चारको प्रगतिसँगै विभिन्न कम्प्युटर, टेलिफोन, रेडियो, टेलिभिजनको आविष्कार र यिनीहरूले ल्याएका सुविधाहरू उपयोग गर्नु आजको आवश्यकता भइसकेको छ। शिक्षाका कारण नै आज विज्ञानका क्षेत्रमा अनौठा र अपत्यारिला आविष्कार एवं सम्भावनाका पुलहरू बन्दै गएका छन्। विभिन्न ग्रहको परिकल्पनालाई त्यागेर आज सम्पूर्ण विश्वलाई एकैचोटि नियाल्न सक्ने प्रविधिको आविष्कार भइसकेको छ। मानव कल्पनामा घुमिरहने यी विचारहरू आज यथार्थ दुनियाँमा उपयोग भइसकेका छन्। आर्थिक क्रान्ति र यसका फाइदाहरू आज शिक्षाले नै पूरा गर्दै आएको छ। विभिन्न गाउँबस्तीका विकटता र अप्ठ्याराहरू आज तिनै गाउँका साक्षर युवायुवती एवं सचेत नागरिकहरूका कारण समृद्ध बन्दै गएको छ। यसले गर्दा धनीगरिबबीचको खाडल पनि पुरिंदै आइरहेको छ, जसकारण मानिसमा आपसी मेलमिलाप र भाइचाराको भावना जोडिएको छ। मानिसमा भावनात्मक एकरूपता, स्वाधीनता, कर्मठता एवं निष्पक्ष व्यवहारको ज्ञान दिलाउन शिक्षाले अतुलनीय भूमिका खेलेको छ। साक्षरताले जन्माएका सुनौला बिपनाहरूका कारण आज संसार नै

सुन्दर बनेको छ। मानिसले साक्षरताको उचित उपयोगिता बुझेर नै संसार आज वैज्ञानिक र सुदृढ बनेको छ।

यति हुँदाहुँदै पनि थुप्रै ठाउँमा अमानवीयता, चोरी, डकैती, लुटपाट, हत्या, हिंसा रोकिएका छैनन्। शिक्षाका फाइदा र व्यावहारिक जीवनमा त्यसको उपयोगिता नबुझेकै कारण यस्ता घटनाहरू घट्दछन्। साक्षरताको महत्त्व नबुझेर कतिपय मानिस अझै अँध्यारोमा नै भौंतारिरहेका छन्। शिक्षा क्षेत्रका विकृति, अनियमितताका कारण नै यस्ता समस्याहरूले कतिपय ठाउँहरू ग्रस्त भएका छन्। शिक्षाका क्षेत्रमा भएका भ्रष्टाचार, अनियमितता, घूसखोरी, आदिका कारण नै यस्तो घृणात्मक अवस्थाको सिर्जना भएको छ। शिक्षा दिने नाममा लोभलालचको उच्च भावनाका कारण यो क्षेत्र बदनाम हुँदै गएको छ, जसकारण यस्ता अप्ठ्याराहरू आइपरेका छन्। देशको सम्पन्नता र नागरिक सचेततामा धक्का पुऱ्याउने यी समस्याहरू नै देश विकास नहुनुका मूल कारण हुन्। व्यावहारिक ज्ञानको उचित उपयोग नहुँदा आइपर्ने यस्ता समस्याहरू निर्मूल पार्नु नै आजको आवश्यकता हो।

शिक्षा र साक्षरताको आपसी सम्बन्धलाई ध्यान केन्द्रित गरेर अघि बढ्नु नै राष्ट्रनिर्माणमा समर्पित हुनु हो। यी क्षेत्रमा भएका विकृति, विसङ्गति, अनियमितता र दुरुपयोगलाई निर्मूल बनाउँदै लैजानु नै नागरिकको मूल कर्तव्य हो। आफूमा ल्याएको सकारात्मक परिवर्तनलाई शिरोपर गर्दै आफ्ना देशका नागरिक, दाजुभाइ र दिदीबहिनीमा सकारात्मक ज्ञानको ज्योति थप्दै उनीहरूलाई उचित बाटो देखाउनु पनि एउटा सफल र साक्षर नागरिकको राष्ट्रप्रतिको सेवा हो। आफ्नो दिव्यज्ञानका मद्दतले संसारभरि नै परिवर्तन ल्याउन सकेको खण्डमा मात्र मानवजीवनको साँचो सार्थकता झल्किन्छ। त्यसकारणले नै शिक्षाको महत्त्व अतुलनीय छ र यसले निम्त्याउने साक्षरता, समुन्नत र समृद्धिलाई मध्यनजर गर्नु आज सम्पूर्ण विश्वका सचेत, सफल र साक्षर नागरिकको प्रमुख कर्म हो।

विद्या पुरस्कार

– क.दी.

विद्या पुरस्कार नेपाली निबन्ध प्रतियोगिता २०११ सालमा प्रारम्भ भएको एउटा अभियान हो । त्यस हिसाबले यो झण्डै साठी वर्षको भैसक्यो । यो अभियान एउटा ऐतिहासिक घटना मानिन थालेको छ अब त । यसो भन्दा 'नेपाली' को सम्पादक (क.दी.)को केही अहं देखिएला तर त्यतिनैका लागि भएको कुरा लुकाउनु पनि अनुचित हो भनी यो बताउन लागेको हुँ ।

मदन पुरस्कारलाई निम्त्याउन मैले मेरा आमा विद्यादेवीको नामबाट एउटा उपत्यकाव्यापी नेपाली निबन्ध प्रतियोगिता शुरू गरें । मासिक १० रुपियाँ दिइने (जम्मा १२० रुपियाँ) को पुरस्कार दिने भनी मैले (कलकत्ताबाट कमाएर ल्याएको) भारु १० हजारको स्थायी कोष ब्याङ्कमा राखिदिएको थिएँ । त्यस कुराको गोरखापत्रले ठूलठूला अक्षरमा समाचार दिएको मात्र होइन, सम्पादकीय पनि लेखिदिएको थियो । त्यही सम्पादकीय रानीसाहेबलाई देखाएर/पढाएर मेरा मातापिताले रानी जगदम्बाकुमारी देवीलाई आफ्ना पति जर्नेल मदनशमशेरको नाममा मदन पुरस्कार खोल्न उक्साउन प्रोत्साहित गरेको हो भन्ने कुरा अब गोप्य रहेको छैन ।

आरम्भमा यसको सञ्चालकका लागि (पछि मदन पुरस्कारका लागि जस्तै) सुब्बा शम्भुप्रसाद ज्ञवालीले नियमावली बनाइदिएको हो र शुरूमा यसको सञ्चालनका लागि एउटा समिति पनि बनेको थियो– सुब्बा शम्भुप्रसाद ज्ञवाली, म कमलमणि र मदन मेमोरियल गर्ल्स हाइस्कूलका हेडमास्टर पूर्णगोविन्द अमात्यको । धेरै वर्ष यसको सञ्चालन त्यही मदन मेमोरियल स्कूलले गऱ्यो । तर त्यो स्कूल सरकारीकरण भएपछि २०३० देखि यो निकै वर्ष अवरुद्ध पनि भएको थियो । पछि त्यसको सञ्चालनको भार मैले रातो बङ्गला स्कूललाई दिएँ र ऐले धेरै वर्षदेखि यो सुचारु रूपले चलिरहेको छ । अब त यसको पुरस्कार राशि पनि 'पाँच अङ्के' भैसकेको छ ।

यस वर्ष यो प्रतियोगिता उपत्यकाका ३५ ओटा स्कूलका ७० जना विद्यार्थीका बीच भएको थियो भन्ने मैले बुझेको छु । र भानुजयन्तीका अवसरमा यो पुरस्कार मैले वितरण गरेको थिएँ । यस वर्ष उत्कृष्ट तीन विद्यार्थीका निबन्धहरू यहाँ प्रस्तुत छन्–

नैतिक शिक्षा : आजको आवश्यकता

– **अभिषेक बगाले,**
सिद्धार्थ वनस्थली इन्स्टिच्युट

'विद्या धनम् सर्वधनम् प्रधानम्' उक्त संस्कृत सूक्तिले विद्याको असीम महिमा गाएको छ। 'शिक्षा' विद्याकै पर्याय हो। शिक्षा एउटा यस्तो चिज हो जसले मानिसलाई अन्धकारको बादलबाट उज्यालो गगनतर्फ सोपानको निर्माण गर्छ, शिक्षा यस्तो वस्तु हो जसले मानिसको चेतनामा दीप बाल्न सक्छ र शिक्षा सारथि हो जसले मनुष्यको जीवनरथलाई सत्मार्गतर्फ डोऱ्याउँछ। शिक्षा पनि विभिन्न किसिमका हुन्छन्, जसमध्ये 'नैतिक शिक्षा' पनि एक हो। नैतिक शिक्षालाई बखान्नुपर्दा यो मानिसलाई आफ्नो नैतिकता र मर्यादाको बोध गराउने तत्त्व हो। मानिसको जीवनलाई सुनौलो फूलले होइन, नवीन पालुवाले ढकमक्क बनाउने चिज हो, 'नैतिक शिक्षा।'

मानिस एक सामाजिक प्राणी हो, जो सामाजिक रीतिरिवाज, परम्परा, मूल्यमान्यता र संस्कृतिको दायराभित्र बाँधिएको हुन्छ। समाजमा एक प्रतिष्ठित जीवन जिउन उसमा सामाजिक चुनौतीहरूसँग सामना गर्न सक्ने दृढ सामर्थ्य हुनुपर्दछ, जुन पक्षको आर्जन केवल नैतिक शिक्षाबाट हुन सक्दछ। आफ्नै स्वार्थपूर्तिमा मात्र निर्लिप्त बन्दै गएको आजको समाज, हाम्रा पुर्खाका धरोहरलाई विस्मरण गर्दै गएको छ, आदर्शलाई कुल्चिएर स्वाभिमानमाथि कसिङ्गर हाल्दै गएको छ। साम्प्रदायिकता, सामन्त-शोषण आदि जस्ता कुकृत्यहरूलाई काखी च्यापेर अन्धकारको भुमरीमा फस्दै गएको छ र त्यो भास्सिन लागेको आदर्शलाई जोगाउने एक मात्र चिज हो 'नैतिक शिक्षा'। शिक्षा आर्जन मात्र गरेर व्यर्थ छ, त्यसलाई आफ्नो व्यवहारमा उतार्न सक्नुपर्छ, जीवनका हरेक पलामा आफ्नो पाइलाका अग्रणी बनाउनुपर्दछ। सांसारिक तत्त्वहरूमा नभएर जीवनमा लागू गर्नुपर्ने कुराहरू नैतिक शिक्षाले सिकाउँछ जसले मानिसलाई आफ्नो मर्यादाको सीमा नाघ्न नपरोस्।

नैतिक शिक्षा आजको अद्भुत आवश्यकता बनिसकेको छ। जीवनशैलीलाई सुव्यवस्थित ढङ्गले स्वस्थ प्रतिस्पर्धामा उतारेर सञ्चालन

गर्न सक्षम बनाउनु नै नैतिक शिक्षाको महत्त्व हो । समाजमा बसिसकेपछि हरेक कुराको थालनी गर्दा सामाजिक सहिष्णुतालाई ख्याल गरी मात्र अघि सर्नुपर्छ । आफ्नो नैतिकताको ख्याल गरी परहितका कार्यहरू गर्नुपर्छ। यदि कोही व्यक्ति, समाजको नीतिनियमबाट अपवाद रहेर काम गर्छ भने त्यस व्यक्तिलाई समाजले नै बहिष्कार गरिदिन्छ। लोकापवाद जस्तो घटिया संज्ञा धारणा गरेर नारकीय जीवन बिताउन बाध्य हुन्छ ऊ। त्यस्तो सामाजिक भुलभुलैयाबाट टाढा रहन नैतिक शिक्षाले सिकाउँछ । कहीं कतै कार्यक्रमहरूमा जाँदा, कुनै कारणले मानिसहरू आविष्ट भएर उत्ताउला र निकृष्ट कामहरूमा संलग्नता जनाउन पुग्दछन् र बेफ्वाँकमा पक्राउ हुन्छन् । आफूले आफूलाई धिक्कार्छन्। त्यस्ता कामहरूमा संलग्नताको मात्रा शून्य जनाएर संयमित हुन नैतिक शिक्षाले सिकाउँछ ।

नैतिक पक्षको दृगबाट हेर्दा आजको समाज अवनतितर्फ धकेलिइरहेको छ । जसको कारण अरू केही हैन, स्वयम् मानिस हो । तृष्णाको तुच्छ जालो मनको दैलोमा बुनेर राख्दछ ऊ, अनि आखिरमा आफै जालोमा जेलिन्छ । सुख भनेको मृगतृष्णा जस्तै हो जसका पछाडि आदर्श र नैतिकतालाई लत्याएर आजको समाज आँखा चिम्लेर दगुरिरहेको छ। सामाजिक सन्तुलन कायम राख्नु, मानवतालाई आत्मसात् गर्नु, सामाजिक मूल्यमान्यतालाई कदर गर्नु, समाजका कलङ्कलाई विनाश गर्न आफ्नो क्षत्रियत्व सक्रिय पार्नु, मानमर्यादालाई सदा मातासमान पुज्नु, आदि जस्ता व्यावहारिक र आध्यात्मिक ज्ञान नैतिक शिक्षाले बोकेको हुन्छ जसले मानिसले पहिरिएको दोषी चस्मालाई रङ्गीन बनाइदिन्छ ।

जीवनको यो लामो यात्रामा कैयौं दोबाटाहरू आउँछन् एकातर्फ 'सजिलो' भनेर कोरिएको हुन्छ भने अर्कातिर 'सही' भनी लेखिएको हुन्छ । मानिसको जीवनरूपी रथलाई सजिलो होइन सही बाटोतर्फ डोऱ्याउने माध्यमका रूपमा नैतिक शिक्षा रहेको हुन्छ । आजको मानिस सुखको नशामा यतिसम्म डुबिसकेको छ कि मानौं असन्तुष्टि उसका स्नायुमा नै बग्न थालेको छ। आजको स्वार्थपूर्ति भएपछि ऊ भोलिका निमित्त कल्पना तुन्न थाल्छ । आजको काम भोलि साँचेर

आधुनिक भोलिवादका शिकार बन्दै गएका मानिसलाई एक पुनर्जीवनका निमित्त आह्वान गर्छ नैतिक शिक्षाले । सामाजिक विसङ्गतिमाथि आवाज उठाउने शक्ति प्रदान गर्छ नैतिक शिक्षाले र मनको दैलोमा सन्तोषलाई विराजमान गराएर नैतिक पक्षबाट सबल बनाउँछ ।

नैतिक शिक्षाको अर्को महत्त्व हो– कर्तव्यपरायणताको बोध । आजका मानिसहरूलाई 'एकलकाँटे'को संज्ञा दिन कत्ति पनि अत्युक्ति नहोला। उनीहरू अधिकारको मात्र सरोकार राख्छन्। अधिकारका लागि मात्र लड्छन् र अधिकार पाएपछि 'कर्तव्य' भन्ने चिज बिर्सन्छन् । अरूले आफूप्रतिको कर्तव्य निभाउन चुके पनि आफू आफ्नो कर्तव्य निर्वाहबाट किमार्थ वञ्चित हुनुहुँदैन। यसप्रकारको मानसिक चेतनामा कर्तव्यपरायणताको बोध गराउँछ नैतिक शिक्षाले । जसले गर्दा हरेक स्थानमा मानिसले आफ्नो पहिचान बनाउन सक्छ र प्रतिष्ठित जीवन बिताउन सक्छ । त्यसै गरी नैतिक शिक्षाले मानिसमा उत्साहप्रद धीरताको जन्म गराउँछ। सांसारिक शाश्वत पक्षको गहन तथा सारभूत कुराहरू आविर्भावन गरी मानिसको मनलाई आह्लादित तुल्याउन सक्ने अपार क्षमताको विकास नैतिक शिक्षाले गराउँछ जसले गर्दा नैतिकताको घेराभित्र रहेर गहन कुराहरू प्रस्तुत गरी अरूका नजरसमीप शोभायमान भइन्छ ।

तसर्थ, स्थान, समय र कार्यको एकत्वलाई व्यवस्थित ढङ्गले पालना गरी नैतिकतालाई अग्रपङ्क्तिमा राख्न सिकाउने 'नैतिक शिक्षा' आजको आवश्यकता बनेको छ। त्यसैले नैतिक शिक्षाको बोध सबैमा होस्, मन, वचन र कर्म सदा निश्छल र पवित्र रहोस्, मानवीय आदर्श हरेक मानिसको दिव्य सिंहासनमा आसीन रहोस्, नैतिकता र मर्यादा अविस्मरणीय रहोस् र नैतिक शिक्षाको आवश्यकता पूर्ति भई देशले शीघ्र विकासको खुड्किला चढोस्, यही छ मेरो शुभकामना !

\+ + +

अबको नेपाल

– **सारांश डोटेल**
जेम्स

"अन्योल र अनिश्चिततबीच पलाएका आशाका फूलले भन्छन् अबका नेपाली अप्ठ्यारा र कष्टकर ढोका फोड्दै अघि लम्कन्छन्, तर आशा र निराशाबीच झुन्डिरहँदा हरेक मनमा उठ्छ सवाल, के साँच्चि नै परिवर्तित हुनेछ त अबको नेपाल ?"

प्राकृतिक मनोरमता र सांस्कृतिक सुरम्यताका कारण विश्वभरि ख्याति कमाएको नेपाल साँच्चि नै सौन्दर्यको पर्याय नै हो। गगनचुम्बी हिमशिखरको मन लोभ्याउने मुस्कान, सुगारङ्गी पटुका बाँधेका पहाडको विशाल रूप र तन्नाझैं बिछाइएको तराईको आकर्षक वातावरणले हरेकको हृदयमा हर्ष छरिरहेको हुन्छ । लतिका र लहराको नृत्य, कोइलीको सङ्गीत र पशुपक्षीको हर्षित चालले नेपालको प्राकृतिक विविधता झल्काउँछ । साना खुकुरीका भरमा हतियारधारी बेलायती सेनालाई घुँडा टेकाउन बाध्य बनाएका वीर गोर्खालीको गर्विलो इतिहासले नेपाललाई संसारमाझ अलग्गै पहिचान दिएको छ । धर्म संस्कृतिको विविधताका कारण पनि हरेक नेपाली गर्विलो छाती लिएर हिंड्न सकेका छन् ।

यस्तो मौलिकता हुँदाहुँदै पनि पर्दा पछाडिका वास्तविक घटनाले नेपालको वर्तमान अवस्था झल्काउँछ। प्राकृतिक रूपमा ख्याति कमाए पनि नेपालले राजनीतिक क्षेत्रमा बदनामीबाहेक केही पाएको छैन । वि.सं. २००७, २०४६ र २०६२ मा जनताले आफ्नो पसिना र रगतको बलिदान दिएर देशमा शान्ति, सुव्यवस्था र स्वतन्त्रता कायम गर्न खोजे । यस क्रममा हजारौं शहीद भए, हजारौं महिला सिन्दूर पुछ्न बाध्य भए, हजारौं कलिला बालकहरू राम्ररी नउम्रिएको कपाल खौरन बाध्य भए, हजारौं आफ्नो परिवार र घरबाट टाढा भए तर अन्तिममा भालुलाई पुराण सुनाएसरह, बालुवामा पानी खन्याएसरह देखावटी भावमा जनताको बलिदानको सम्मान गरियो तर इच्छाको कदर गरिएन, उनीहरूलाई स्याबासी पनि दिइयो तर चाहिएको शान्ति,

संविधान र सुव्यवस्था दिइएन । अझ गत जेठ १४ गते चार वर्षे निरस र निष्प्राण कार्यकाल सकेर सबै सभासदहरूले नयाँ संविधानलाई सपनामै सीमित राखेर बाटो तताए। कुनै बेला संविधान बन्ने प्रबल सम्भावना देखाउने नेताहरू आन्तरिक कलह र मतभेदका कारण आफ्नो दायित्व पूरा नगरी फर्किए। सङ्घीयता, जातीय सङ्घीयता, गैरजातीय सङ्घीयता जस्ता थुप्रै राजनीतिक नारा लिएर देश बन्द गर्दै तातिएका नेताहरू कुनै निष्कर्षमा नै नपुगी सेलाए । त्यसैगरी राजनीतिक अन्योलताले जरा गाडेकै बखतमा प्राकृतिक र सांस्कृतिक समस्याका बिउ पनि उम्रँदै गएपछि त नेपालले आफ्नो त्यो सुन्दर अस्तित्वमा ठूलो दाग लगाएको छ । एकताका प्राकृतिक मनोरमको बाहुल्य जमाएको नेपाल अहिले तिनै सम्पदाको रक्षा र सही उपभोग गर्न नसकेकाले सङ्कटकालीन अवस्थाबाट गुज्रिरहेको छ । आफूलाई महँगा प्राडा तर जनतालाई पाडा पनि नदिने ती नेताहरूको गैरजिम्मेवारी कार्यले गर्दा प्राकृतिक सम्पदाको क्षणका कामहरूको कार्यान्वयनमा अनिश्चितता देखिएको हो। पहिले हरेक मानिसले स्नान गर्न चासो राख्ने बाग्मती नदी अहिले मानिसका साटो फोहोरका डङ्गुरले पौडी खेल्ने ठाउँ बनेको छ। पहिलेपहिले घण्टौंको यात्रामा थकाइ मेटाउन बसिने चौतारी र रूखका छहारीहरू खोज्न नै अहिले दिनभरि डुल्नुपर्छ । पहिले बोटबिरुवाले दिने मधुर हावामा पाइने नेपालीपन हराएर अहिले गाडी र घरहरूबाट निस्कने हानिकारक धुवाँ र धूलोले ठाउँ लिएका छन् ।

नेपालको वास्तविकता यतिमा मात्र सीमित छैन । पश्चिमी संस्कृतिको बढ्दो प्रभाव पनि अहिलेको विद्यमान समस्या हो। आमाबुबा जस्ता शब्द लोप हुँदै जाँदा मम र ड्याड जस्ता पश्चिमी सभ्यता झल्काउने भाषाको प्रयोग नेपालमा बढ्दै छ। युवाहरू मादल, सारङ्गी छाडेर गितार, ड्रमतिर ढल्कनाले, युवतीहरू सारी र कुर्ता सुरुवाल छाडेर मिनिस्कर्ट र पाइन्टप्रति बढी आकर्षित हुँदा, नेपालको मौलिक चाडहरू छाडेर पश्चिमी पर्वमा मानिस रमाउँदा नेपालको संस्कृति नै लोपोन्मुख भएको छ। अझ यसमाथि आर्थिक सङ्कटले पनि जरो

गाड्दा त नेपालको स्थिति दयनीय बनेको छ। नेताहरूको भ्रष्टाचारी प्रवृत्ति र इमानदार, शिक्षित, सिपालु र क्षमतावान् नागरिकहरूको विदेश पलायनका कारण पनि नेपालको आर्थिक स्थिति राम्रो हुन सकेको छैन।

यस्तो क्रमलाई निरन्तरता दिइराख्ने हो भने नेपालको भविष्य 'ब्ल्याक होल' जस्तो अन्धकारतर्फ धकेलिन्छ भन्नेमा दुई मत छैन। यदि राजनीतिक अस्थिरताको जरालाई समयमै उखेलिएन भने यसले नेपालको शान्ति व्यवस्थामा गम्भीर असर पर्छ। जनता र नेताबीचका मतभेद र कलहलाई समयमै सुल्झाइएन भने अबको नेपालमा गृहयुद्ध हुन पनि बेर छैन। इतिहासको शान्त र सुन्दर नेपाल क्रान्ति, कलह र झैझगडाको पर्याय हुन सक्छ। जनताका मागको सुनुवाइ र शहीदका सपनाको कदर गर्न नसके हाम्रो नेपाल बस्न लायक हुनेछैन। नेताले भ्रष्टाचारी प्रवृत्ति अपनाइराखे बिस्तारै नेताका महलैमहल ठडिन्छन् तर आम जनता भने घाँटी तन्काएर महलका टुप्पामा हेर्न मात्र बाध्य रहनेछन्। प्राकृतिक सम्पदाको रक्षा र सही उपभोग गर्न नसके नेपालको आर्थिक स्थिति अझ खस्कँदै जानेछ र जनतालाई चैनको सास फेर्न र हर्षमा भोजन खान पनि धौधौ पर्नेछ। पर्दापछाडिको नेपालको यो चित्रणलाई नियाल्ने हो भने नेपालको अबको अवस्था अत्यन्तै दयनीय र उराठलाग्दो हुनेछ।

नकारात्मक दिशातर्फ मोडिने प्रबल सम्भावना हुँदाहुँदै पनि "ढुङ्गाको काप फोरेर पनि उम्रन्छ पीपल" भन्ने माधवप्रसाद घिमिरेको कवितालाई मनन गर्दा अझ पनि नेपाली मनमा आशाका तरङ्गहरू जीवित छन्। त्यही आशारूपी तरङ्गका अन्तरध्वनि सुनेर काम गरे नेपालको बिग्रिंदो भविष्य सपार्न सकिन्छ, अन्धकारको खाडलमा खस्न लागेको नेपाललाई जोगाउन सकिन्छ र परलोकबाट नेपालको चित्र हेरिरहेका वीर शहीदको इच्छा पूरा गर्न सकिन्छ। अनिश्चितता र राजनीतिक कलङ्कको प्रतीक जेठ १४ लाई भुलाएर आगामी मङ्सिर ७ गतेको संविधानसभाको निर्वाचनबाट बनेको संविधानसभाले छिटोभन्दा छिटो जनताले चाहेको संविधान बनाउन सके देशका सारा राजनीतिक

समस्यामा पूर्णविराम लागेर नयाँ शान्तिपूर्ण राजनीतिक यात्राको प्रारम्भ हुनेछ । जनताको उचित संलग्नतासहित प्राकृतिक सम्पदाको सुरक्षा गरी तिनलाई प्रदूषणबाट जोगाउन सके नेपाल पुनः आफ्नो प्राकृतिक छवि हासिल गरी विश्वभरि चम्कनेछ। विकृतिका रूपमा देखा परेको पश्चिमी सभ्यतालाई हटाएर नेपाली मौलिक संस्कृति, चालचलन र रीतिरिवाजलाई प्राथमिकतामा राखे नेपालले इतिहाससरह सांस्कृतिक विविधताको ख्याति कमाउनेछ। त्यसै गरी विद्यमान बेरोजगार, भ्रष्टाचार जस्ता आर्थिक समस्याहरू हटाई आर्थिक विकास ल्याउन सके मात्र अबको नेपालमा मानिसको जीवनस्तरमा सुधार आउनेछ । शैक्षिक अन्धकारलाई हटाएर चौतर्फी शिक्षाको ज्योति बाल्न सके अबका भावी सन्तति निकै नै क्षमतावान् र सिपालु हुनेछन् । त्यसै गरी क्षमता, ज्ञान र सीप भएका नागरिकहरूको विदेशिने प्रवृत्ति रोकेर स्वदेशमै काम गर्ने अवसर प्रदान गर्न सके नेपालमा पनि प्राविधिक विकास आउनेछ ।

यसरी सकारात्मक पक्षलाई आत्मसात् गरी, जनचेतना र जनसहभागिताको महत्त्व बुझी विद्यमान समस्या हटाएर देश विकास अभियानलाई सफल तुल्याएमा अबको नेपालमा नदी र नाला विकासका उमङ्ग लिएर बग्नेछन्, गगनचुम्बी हिमशिखरले अग्ला महलहरूसँग हातेमालो गर्नेछन्। सांस्कृतिक आस्थासँगै मानिसको मनमा प्राविधिक चेतना आउनेछ, प्रकृतिको रक्षा गरिनुका साथै विज्ञानका क्षेत्रमा खोजी गर्दै नयाँनयाँ रहस्य खुल्दै जानेछन्, ठूलाबडाको आदर गर्ने मानसिकतासँगै नेपालीमा वैज्ञानिक आविष्कार गर्ने क्षमताको विकास हुनेछ र राजनीतिक सुव्यवस्था कायम गरिनुका साथै आर्थिक र सामाजिक विकासले नेपाल ढकमक्क फुल्नेछ ।

अबको नेपालका विकाससम्बन्धी सम्भावनाले हरेकको मन उत्साहित भए पनि त्यो सम्भावनालाई वास्तविकतामा बदल्न सजिलो भने छैन । यसका लागि सर्वप्रथम राजनीतिक पार्टीका नेताहरूले हातेमालो गरेर आफूबीचको मतभेदको अन्त्य गर्नुपर्छ । भ्रष्टाचार र छलकपटले रुमलिएको नेपालमा पहिले हरेक व्यक्तिमा यस्ता आपराधिक

क्रियाकलाप विरुद्ध चेतना हुनु जरुरी छ । हरेक व्यक्तिमा 'देशले मलाई के दियो होइन, मैले देशलाई के दिएँ' भन्ने भावना आए मात्र देश विकासका काम निर्बाध रूपमा अघि बढ्छन् । प्राविधिक र शैक्षिक चेतना हरेक जनतामा फैलाए मात्र जनसहभागिताद्वारा समस्याको समाधान खोज्न सकिन्छ। यदि अबको नेपाललाई सांस्कृतिक रूपमा पनि मौलिक बनाउनु छ भने मानिसमा नेपाली चालचलनको महत्त्व र पश्चिमी संस्कृतिको नकारात्मक प्रभावबारे जानकारी गराउनु आवश्यक छ । प्राकृतिक सम्पदाको उचित उपयोग गरी त्यसबाट लाभ लिई आर्थिक विकास गर्न सक्नु भनेको पनि देश विकासप्रतिको ठूलो कदम हो । यसरी आर्थिक, सामाजिक, राजनीतिक र नैतिक विकासमा जनपरिचालन गर्न सके मात्र भोलिको नेपालमा अहिलेभन्दा सकारात्मक परिवर्तनहरू आउनेछन् ।

भविष्यमा नेपालीले यस्तो दिन देख्न नपरोस्, जुन बेला नेपालमा गृहयुद्ध चलिरहेको हुन्छ, आर्थिक सङ्कटले पिल्सिएर नेपाली दिनप्रतिदिन गरिब बन्दै गइरहेका हुन्छन्, अरू देशले विकासको चरम शिखर नाघिसक्दा पनि नेपाल विकासका दृष्टिले पिछडिरहेको हुन्छ, नेपालको प्राकृतिक सौन्दर्य सबै हराएर प्रदूषणका अनुयायी बन्छन् र नेपालको मौलिक संस्कृति नै संसारबाट लोप भएर जान्छ । बरु यस्तो दिनको कल्पना गरौं, जहिले नेपाल आर्थिक विकासका दृष्टिमा संसारभरि अब्बल दर्जामा रहन्छ, नेपालको त्यो सुन्दर प्राकृतिक फूलबारीमा पुतलीसरह नेपालीले पनि मनोरम बढाइरहेका हुन्छन्, प्रविधि र संस्कृतिको सम्मिश्रणले विश्वभरि मौलिक नमुना छर्छ र विश्वको इतिहासमा सुनौला अक्षरले वीर नेपालीको मातृभूमिलाई सम्बोधन गरिन्छ 'सुन्दर, शान्त, विशाल र विकसित नेपाल ।'

"काँडैकाँडाका बीचमा पनि फक्रन्छ गुलाब,
फुरनाको सौन्दर्य काला ढुङ्गाले हुँदैन खराब
चाहिन्छ मात्र सङ्घर्ष र एक आपसमा मिलाप
अनि अबको नेपाललाई सपार्न हुँदैन असम्भव ।"

\+ + +

अबको नेपाल

– **शार्दूल सापकोटा**
पाठशाला नेपाल फाउन्डेसन

विधाताले विश्वभरिकै सम्पूर्ण सुन्दरता एकैसाथ घप्लक्कै खन्याइदिएको सुन्दर मुलुक हो नेपाल । प्रकृतिको क्रीडाभूमि, वीरयोद्धाहरूको कर्मभूमि, ऋषिहरूको तपोभूमि र विभिन्न देवीदेवताले फरकफरक रूपमा जन्म लिएको एक अलौकिक मुलुक हो नेपाल । विश्व भूमण्डलको नक्सा पल्टाएर हेर्दा नेपाल एक पानीको सानो बुँदझैं लाग्दछ । विश्वको घचाघच र होडबाजीमा भाग लिनुभन्दा यो आफूलाई छुपाउनमा बढी रुचि राख्दछ र घमासान प्रतिस्पर्धामा पसिना काढ्नुभन्दा ज्ञानआर्जनको मनोरम भावलाई जगेर्ना गर्न रुचि राख्दछ । आधुनिकतामा जिज्ञासा लिए पनि प्राचीनताको पुजारी बन्न उसलाई चासो छ । समयको अनन्त प्रभावसँगै हिजोको समयभन्दा आज यसमा धेरै परिवर्तन आएको छ । यस्तो सुन्दर र शान्त मातृभूमिलाई म आगामी वर्षमा स्विट्जरल्यान्ड देख्दिनँ । न त म नेपाललाई अमेरिका देख्न चाहन्छु । अबको नेपालमा म चाहन्छु, यसको आफ्नै अलौकिक सुन्दरताले विश्वमा नयाँ पहिचान बनाएको । आधुनिकताको प्रवाहमा प्रवाहित भएर अबको नेपालमा म यसको मौलिक आस्था र संस्कृति प्रस्फुटित भएको देख्न चाहन्छु नकि चरम अत्याधुनिकता ।

वास्तवमा देशलाई सही बाटोमा हिंड्न नीति-नियमको आवश्यकता पर्दछ । यस्तो नीति-नियम जसले राज्यलाई विकासको मार्गतर्फ अघि बढाउँछ, त्यही नै हो राजनीति । २३७ वर्षको राजकीय शासन अन्त्य भएर आज मुलुक गणतन्त्रमा प्रवेश गरिसकेको छ । जनताको सङ्घर्ष र बलिदान फलिभूत भएको छ । तर अथाह रगत बगेर पनि धेरै शहीद भएर पनि आज 'शहीदको सम्झना' अनर्थ भएको छ । के जनताले आफूले खोजेको नयाँ नेपाल पाए ? के साँच्चै जनताको सङ्घर्षले अभीष्ट प्राप्त गऱ्यो ? वास्तवमा गोपालप्रसादझैं हामी पनि "आमा त्यो आउँछ...", भन्ने आशामा बाँचिरहेका छौं र मातृभूमिलाई महामारीले छोप्दै गएको निराशाजनक अवस्थामा कसैले "हो बा, त्यो

आउँछ...” भनेर चित्त बुझाइदिए मात्र हुने जटिल समयमा पुगिसकेका छौं । मलाई अचम्म लाग्छ कि दुई घण्टाको समयमा निबन्धकारले निबन्ध रच्न सक्छ भने ६०१ ले २ वर्षमा पनि नसक्ने कत्रो लामो काव्य रहेछ । यस्तै डर लाग्छ कि कतै यति लामो समय लागेर लेखिंदा, यो महाभारतभन्दा लामो ग्रन्थ त हुने भएन । दुर्भाग्यवश कुरोको चुरोमा पुग्दा बुझियो अहिलेसम्म खेस्रा लेखन पनि पूरा भएको रहेनछ । अनि यसको प्रभाव दिनदहाडै लुटपाट, डकैती, अशान्ति र भय । यस्तो समयमा म शिशिर योगीले गाएको गीतका हरफ सम्झन्छु र आफै गुनगुनाउँछु–

“छाडेर काम सारा, एक काम रोजिरहेछु,
यो देशमा म एउटा मानिस खोजिरहेछु ।”

यदि आज पनि मातृभूमिको छानो चुहिएको बेला निर्माण र ढलान गर्न कोही नआउने हो भने अबको नेपाल म ‘सोमालियाको भय’सँग दाँज्दछु तथापि राज्य सञ्चालन गर्न साँच्चै दूरगामी शोच भएका महामानवको उत्पत्तिसँगै म अबको नेपालमा संविधान बनेको देख्न चाहन्छु। म देशमा राजनैतिक स्थिरता देख्न चाहन्छु र मुलुकलाई भ्रष्टाचार मुक्त क्षेत्र । अफसोस कि देशको वर्तमान परिप्रेक्ष निरन्तर रूपमा गयो भने मुलुक विनाशको चरम चुलीतर्फ गई समाधिस्थ हुने निश्चय छ ।

आजको नेपाललाई सङ्घीयताको चुनौतीले तीखा धार खडा गरेको छ । मुलुक राज्य बाँडफाँडमा लाग्ने कि एकल रूपमा रहने शोचको चौघेरामा हराएको छ । मेरो विचारमा आज मुलुकले इतिहासबाट प्रशस्त ज्ञान लिएको हुनुपर्छ । छिमेकीको अनुभवबाट सिकेको हुनुपर्छ। भनिन्छ– “मानिसले पढेर जान्दछ कि परेर।” यस्तो अवस्थामा मुलुकमा पढेर जान्ने कोही छैन नै तर अनुभव प्रशस्त छ । देशको शिर हिमाल हो, जीउ पहाड र टेक्ने बाँच्ने आधार तराई । जसरी मानव शरीरको यी आवश्यकताबिना चिन्तन नै गर्न सकिदैन, त्यसरी नै देश पनि खण्डमा विभाजित हुँदा यसको अस्तित्व

हराएर जान्छ। पृथ्वीनारायण शाहले राष्ट्रका निम्ति प्राण नै आहुति दिएर राज्यराज्यमा विखण्डित मुलुकलाई एक सुन्दर बगैंचामा परिणत गरिदिए। यसो हुँदाहुँदै पनि आज विकासका पूर्वाधार, देशका विभिन्न क्षेत्रमा पुग्न सकेको छैन। अबको नेपालमा म देख्न चाहन्छु उही सुन्दर, शान्त नेपाल। देशले सङ्घीयता अपनाउने वा नअपनाउने कुरो बेग्लै छ र यी सबैको हेतु नै राष्ट्रको विकास हो। त्यसैले आज मुलुक यस्ता सोचको चौघेराबाट उम्किएर, राष्ट्रनिर्माणमा लाग्न सके बल्ल हुने थियो जनताले सोचेको नेपाल। अतः अबको नेपालमा म देख्न चाहन्छु सबैको हात विकासतर्फ नकि हत्या, अराजकता र मुलुकको भागबन्डातिर।

अबको नेपाललाई म 'स्विटजरल्यान्डको' नाउँ/उपनाउँले चिनिएको देख्न चाहन्नँ किनकि यसो गर्नु भनेको मुलुकलाई आफै हुर्किन नदिएर, अन्यको बैसाखी टेक्नु सरह हो। अबको नेपाललाई म प्रकृतिको राजधानीको रूपमा देख्न चाहन्छु। प्रकृतिको क्रीडाभूमि र देवी-देवताको सुन्दर फूलबारीको रूपमा नेपालको सुन्दरता प्रस्फुटित हुनुपर्छ। बिडम्बना! आज भेडाको छाला ओढेका ब्वाँसाहरूले देशको प्राकृतिक सम्पदालाई उजाड तुल्याएका छन्। नेता र नेताबाट आशीर्वाद थापेका साँढे जस्ता व्यक्तिहरूका कारण प्रकृति बलात्कृत भएकी छ। नेपालको प्रकृति अत्यन्त सुन्दर मानिन्थ्यो। वर्डस्वर्थ र शेक्सपियरका रचनामा भन्दा हिमालयको सुस्वादु हावाले छोएको छडछडाउँदो पानीको सुमधुर ध्वनिमा अकल्पनीय आनन्दको अनुभव गर्न सक्छौं। यद्यपि अबको नेपालको यस्तो कल्पना कल्पनामा मात्रै सीमित रहन्छ जस्तो लाग्छ किनभने प्रदूषणका कीराहरूले यसलाई सखाप पार्नेछन्। त्यसैले अबको नेपालमा म एक अवतारको पर्खाइमा छु, जसले आफ्नो जादुले यस प्रकृतिलाई पुनः जीवन्त बनाओस्।

सभ्यताको मिर्मिरेदेखि नै सांस्कृतिक विविधताको जीवन्त सङ्ग्रहालयको रूपमा रहेको मुलुक हो नेपाल। ब्रह्माण्डको उद्भवसँगै विभिन्न जातजातिसँगै मौलाउँदै आएको सांस्कृतिक मुलुक हो नेपाल। चार वर्ण छत्तीस जातको साझा फूलबारीको रूपमा रहेको मुलुकमा जात-जातिरूपी अनेक पुष्पहरू पल्लवित छन्। तर पाश्चात्य संस्कृतिले

नेपाली मौलिकतामा नकारात्मक प्रभाव पार्नुका साथै पहिचान पनि गुम्ने स्थिति छ। आफ्नै संस्कृतिप्रति हिलो छ्याप्ने प्रवृत्ति बढ्नुका साथै पश्चिमी संस्कृतिको अवलम्बनले नेपाली मौलिकतामा धावा बोलेको छ। त्यसैले यस्तो भयबाट गुज्रिदै गयो भने नेपालको अस्तित्व मेटिने प्रबल सम्भावना देखिन्छ। अबको नेपालमा म एक छुट्टै परिकल्पना गर्न पाऊँ। यहाँको सांस्कृतिक विविधता कायम नै रहोस् अनि बल्ल यहाँ सबल संस्कृतिको अन्तर्लय गुञ्जायमान रहन्छ र पुनः देशले नयाँ पहिचान कायम राख्नेछ।

अबको नेपालको परिकल्पना रहँदैन, जबसम्म त्यहाँ राम्रो शिक्षा नीतिको परिपूर्ति हुन्छ। आज हामी जेलाई भनिरहेछौं, त्यसले हामीलाई मूर्ख बनाइरहेछ। जीवनको आधा समय घोकाइमा मात्र सीमित राख्ने केवल एक प्रमाणपत्रका लागि। भारतको भागलपुरमा, पी.एच.डी.कै प्रमाणपत्र बनाइन्छ तर नक्कली। यस्तो सजिलो उपाय रहँदा पनि किन त "घोकन्ते विद्या धावन्ते खेती" लाई प्राथमिकता दिएको। बी.ए. पास गरेर पनि प्रमाणपत्र लिएर अलपत्र रहेको ज्वलन्त उदाहरण छ यही मुलुकमा। त्यसैले मातृभूमिको छानो चुहिंदा ढलान गर्ने उपाय छैन। आजसम्म मुलुकका जे जति शिक्षा नीति छन्, ती सबैले सम्पूर्णको आत्मा एउटै सम्झन्छन् र त एकै किसिमको ज्ञान बाँड्दछन्। अबको नेपालमा म शिक्षानीतिले समयअनुसारको शिक्षा दिएको देख्न चाहन्छु। राष्ट्रलाई सशक्त ऊर्जा प्रदान गर्न सक्ने जनशक्तिको उत्पादन नै शिक्षाको महत्त्वपूर्ण भूमिका हो र यसैलाई म अबको नेपालमा जीवन्त रहेको देख्न चाहन्छु।

म एसियाका ज्योति गौतमबुद्धको देशको नागरिक हुँ। म ऋषिहरूको शान्त तपोभूमिको बासिन्दा हुँ। अनि अबला भनी होच्याइने नारीहरूको गौरव दूर क्षितिजसम्म पुऱ्याउने सीता र भृकुटीको गौरवगाथामा रमाउने नेपाली हुँ। अबको नेपाली अर्थात् भविष्यको समयमा नेपालको स्थितिलाई चित्रण गर्न त्यति सजिलो छैन। वास्तवमा आम नेपालीको चाहना हो देश अग्रगामी रहनु। यसका लागि देशमा शान्तिको झन्डा फर्फराउनु छ। मातृभूमिको माटोलाई उर्वर बनाउनु छ, जसबाट राष्ट्रलाई मलजल दिएर हुर्काउन सक्ने सपूत उम्रियून्।

आज शान्तिको सबमा चाहना छ र यो परिकल्पना यथार्थमा उतार्नु छ । हामी नेपालीको गौरवमय अतीत छ, विस्मयकारी वर्तमान छ र अब चम्किलो भविष्य निर्माण गर्नु छ । अतीतलाई साक्षी राखेर वर्तमानलाई सिरानी राखेर, 'नयाँ नेपाल'लाई सार्थक बनाउनु छ । जसरी सम भन्दछन्– "देशभक्ति त मर्दैन चुत्थै देश भए पनि ।" त्यसरी नै यस्तो सहज भावनालाई सबमा जागृत गराएर अबको नेपाल सबको नेपाल बन्न सकोस् जहाँ शान्ति जतातै हुन्छ, मानिस प्रकृतिको सुरम्यतामा विचरण गर्दै हुन्छ र उज्यालो भविष्य कोर्न सधैं सबै सजग रहन्छन् ।

(पृष्ठ २ को बाँकी)

बिल नं 1002 ★ श्री पशुपतिनाथ ★

श्री पशुपति–छापाखाना

(संस्थापक:–मोतिकृष्ण शर्मा, सम्वत् १९५०)

श्री ... [illegible] ...

छपाई विवरण	रुपैयाँ	पैसा
[illegible]		
[illegible]	१४२	४०
[illegible]	१८	
[illegible]	२३	७५
[illegible]	७	५०
	१९९	७५
पेस्की आएको—	१००	
बाँकी जम्मा—	९९	७५

मिति १५। १। २०१५.

व्यवस्थापक

बिल बमोजिमको (पैसा) रुपैयाँ बुझिलिएँ।

१५।१।१५

(पछिल्तिर दरपीठ गरिएको)

[१९९१ सालमा तत्कालीन ने.भा.प्र.स. (नेपाली भाषा प्रकाशिनी समिति, जो आफैमा गोरखा भाषा प्रकाशिनी समितिको उत्तराधिकारी थियो) ले धेरै विचार विमर्श तथा ऊहापोहपछि 'नेपाली कसरी शुद्ध लेख्ने ? (शब्द विचार)' भन्ने मसिनु पुस्तिका प्रकाशित गरेको थियो– आइन्दा यसै बमोजिम नेपाली भाषा लेख्ने गर्नू भन्ने सरकारी आदेशसाथ। त्यस्तो आदेश दिन सक्ने अधिकार अब कसैसँग छैन। तर, अनुरोध आयो ऐले एउटा नयाँ नेभाप्रस (नेपाली भाषा प्रयोगकर्ता समूह) बाट– "नयाँ नेकशुले (हिज्जे विचार) लाई प्रयोगमा ल्याउनोस्" भन्ने। त्यो 'नेकशुले' के हो त ? धेरै हाम्रा पाठकलाई थाहा छैन। त्यसैले 'नेपाली'ले उचित देख्यो– पहिले त्यो सानो पुस्तिका नै समग्र छापिदिनु। सोही हामीले यहाँ पस्केका छौं। – सम्पादक]

नेपाली कसरी शुद्ध लेख्ने ?

हिज्जे-विचार

(नेकशुले–२०६९)

नेपाली भाषा प्रयोगकर्ता समूह
(नेभाप्रस–२०६९)

प्रस्तावना

भाषाको सम्प्रभुता यसका प्रयोगकर्तामा निहित हुन्छ भन्ने तथ्य आत्मसात् गर्दै, शिष्ट परम्परा र प्रचलनबाट स्थापित हिज्जेको सुदृढ जगमा उभिएर नै भाषाको विकास एवम् विस्तार हुन सक्ने यथार्थ मनन गर्दै, समयको अन्तरालमा देखा परेका विकृतिबाट मुक्त गराएर नेपाली भाषालाई स्वच्छ, उदार र गतिशील बनाउँदै लैजाने उद्देश्यले, ऋषिकल्प भाषाशास्त्री प्रा. बालकृष्ण पोखरेलको निर्देशन तथा सहभागितामा, भाषा-तपस्वी प्रा. मुकुन्दशरण उपाध्यायको सुझाव समन्वित समर्थन र भाषा उन्नायक डा. तारानाथ शर्मा, प्रा. डा. कुमारबहादुर जोशी तथा भाषाका शारदेय साधक कृष्णप्रसाद पराजुलीको सल्लाह एवम् सहमतिका साथ, ललितपुर घोषणापत्र-२०६८ को मर्म तथा भावना अनुरूप, नेपाली भाषा प्रयोगकर्ता समूह (नेभाप्रस-२०६९) ले नेपाली भाषा प्रयोगकर्ताहरूका लागि यो व्यवस्था गरेको छ ।

यो संक्षिप्त, सूत्रात्मक व्यवस्थाले, नाट्यसम्राट् बालकृष्ण समका शब्दमा, 'तमाम नेपाली शब्दसागरमा बाँध बाँध्न सक्तैन, न व्याकरणका नै अनेकानेक वाक्यविचारका भाँडामा बिर्को लगाउन सक्तछ', त्यसका निम्ति त व्याकरण र शब्दकोशका बृहत् ठेली पल्टाउनै पर्दछ । तथापि, नेपाली हिज्जेलाई उचित मार्गमा डोऱ्याउन यसले पर्याप्त योगदान पुऱ्याउने आशा गरिएको छ ।

— शरच्चन्द्र वस्ती

नेपाली कसरी शुद्ध लेख्ने ?

हिज्जे-विचार

नाम

१. ह्रस्व इ, उ अन्त्यमा हुने शब्द–

क. सामान्य पुलिङ्गी शब्द । जस्तै– बाबु, दाइ, भाइ, दाजु, नाति, पनाति, जुवाइँ आदि ।

ख. सामान्य अप्राणिवाचक उकारान्त नपुंसकलिङ्गी शब्द । जस्तै– घिउ, आलु, गाउँ, हिउँ आदि ।

ग. नु, आउ, आइ कृत्प्रत्यय र आइ, याइँ तद्धित प्रत्यय लागी बनेका शब्द । जस्तै– हिंड्नु, जनाउ, पढाइ, गोलाइ, दुष्ट्याइँ आदि ।

अपवाद– दाईं, लडाईं, बसाईं आदि ।

२. दीर्घ ई, ऊ अन्त्यमा हुने शब्द–

क. सामान्य स्त्रीलिङ्गी शब्द । जस्तै– गाई, छोरी, दिदी, बहिनी, सासू, स्वास्नी, धोबिनी, पण्डित्नी, भुनी, मैजू, भाउजू आदि ।

ख. सामान्य अप्राणिवाचक इकारान्त नपुंसकलिङ्गी शब्द । जस्तै– कौसी, धुरी, क्वाँटी, खरानी, पानी, बानी, गाली, सिक्री, फर्सी, खैंजडी, हँस्यौली आदि ।

ग. मनुष्यको विशेष जात र पेशालाई बुझाउने शब्द । जस्तै– ज्यापू, हिन्दू, धोबी, घर्ती, दमाईं, ठकुरी, सिकर्मी, हलुवाई, सिपाही, काजी, मन्त्री, भाजू, गुभाजू आदि ।

घ. आदरार्थी ज्यू, जी प्रत्ययान्त शब्द । जस्तै– दाज्यू, भाउज्यू, पिताजी, शर्माजी, लामाजी, झाजी, परियारजी आदि ।

ङ. भाव (धर्म), सम्बन्धी (धर्मी) र 'त्यहाँ हुने' अर्थ बुझाउने 'ई' तद्धित प्रत्यय लागी बनेका शब्द । जस्तै– गरीबी, नोकरी, चाकरी, खुनी, बैगुनी, इलमी, नेपाली, अछामी, जंगली आदि ।

सर्वनाम

१. सर्वनामको अन्त्यमा आउने इकार, उकार दीर्घ हुन्छन् । जस्तै– ऊ, ती, तिमी, हामी, यिनी, उनी, तिनी, आफू, कोही, केही, यही, त्यही, त्यहीं, कहीं आदि ।

विशेष : सर्वनामका त्यल्ले, त्यल्लाई, जल्ले, जल्लाई, कल्ले, कल्लाई, इनी, इनले, एता, तेता, एसो, तेसो, एसरी, तेसरी, क्वै, क्यै, तैले, जैले, ऐले, उइले जस्ता रूप पनि हुन सक्छन् जसको प्रयोग अनौपचारिक लेखाइमा, कसैको कथन उद्धृत गर्दा

र कवितामा छन्द मिलाउनका लागि हुन सक्छ । साथै त्यहाँ, यहाँ, उहाँ आदरार्थीमा पनि प्रयोग हुन्छन् ।

विशेषण

१. क. स्त्रीलिङ्गका र दुवै लिङ्गमा हुने इकारान्त विशेषण दीर्घ हुन्छन् । जस्तै– काली, गोरी, राम्री; राजी, धनी, नामी, जाती आदि ।

ख. दुवै लिङ्गमा हुने उकारान्त विशेषण ह्रस्व हुन्छन् । जस्तै– दुधालु, घरेलु, मायालु, सिकारु आदि ।

२. सामान्य विशेषण प्रकरण हेरी ह्रस्व, दीर्घ दुवै हुन्छन् । जस्तै– पिरो/पीरो, तितो/तीतो, अमिलो/अमीलो, अलिकति/अलीकति आदि ।

३. संख्यावाचक शब्दमा आउने इकार ('त्रि' बाहेक) दीर्घ हुन्छन् । जस्तै– दुई, बीस, तीस, चालीस, बत्तीस, चौंतीस, पैंतालीस, बाईस, तेईस, उन्नाईस आदि ।

संख्याबोधक शब्दका अन्य रूप दुईवटा, दोटा, दुईटा/दुइटा, दुगुना, दोहोरो, दुईसरो, दुदुई, एकेक, लाखौं, करोडौं, लाखन्, करोडन्, कैयौं, कैयन् आदि हुन्छन् ।

४. सानो, ठूलो, कालो, सेतो जस्ता विशेषणका रूप हेलाँमा साने, ठूले, काले, सेते आदि र मायाँमा सानु/सानू, कालु/कालू आदि पनि हुन्छन् ।

क्रियापद

१. क्रियापदहरू उच्चारण अनुरूप लेखिन्छन् ।

२ विध्यर्थक क्रियापदको अन्त्यमा आउने इकार, उकार दीर्घ हुन्छन् । जस्तै– गर्नू, जानू, गरूँ, जाऊँ, आऊ, बचाऊ आदि ।

३. क. धातुको अन्त्यमा वर्गको प्रथम वा द्वितीय अक्षर (क्, च्, ट्, त्, प्, ख्, छ्, ठ्, थ्, फ्) वा स् रहेको छ भने त अथवा द विकल्पले जोडिन्छ । जस्तै– पाक्छ/पाक्तछ/पाक्दछ । जाँच्छ/जाँच्तछ/जाँच्दछ । राख्छ/राख्तछ/राख्दछ । हाँस्छ/हाँस्तछ/हाँस्दछ आदि ।

ख. अन्त्यमा अन्य अक्षर रहँदा भने द मात्र विकल्पले जोडिन्छ । जस्तै– माग्छ/ माग्दछ । बुझ्छ/बुझ्दछ । हान्छ/हान्दछ । बोल्छ/बोल्दछ । रम्छ/रम्दछ आदि ।

ग. कतिपय धातुमा भने त वा द केही पनि जोडिंदैन । जस्तै– जान्छ, खान्छ, रुन्छ आदि ।

विशेष : लिई, भई, भयो, खाँदैन, गरिदेऊ, भनिदेऊ, होओस्, होउँला आदिका संक्षिप्त रूप ली, भै, भो, खान्न, गर्देउ, भन्देउ, होस्, हुँला आदि पनि हुन सक्छन् । यिनको प्रयोग अनौपचारिक लेखाइमा, कसैको कथन उद्धृत गर्दा र कवितामा छन्द मिलाउनका लागि हुन सक्छ ।

अव्यय

१. सामान्यतः अव्ययका अन्त्य इकार, उकार ह्रस्व हुन्छन् । जस्तै– माथि, मुनि, पट्टि, चाहिं, थरि, बाजि, चोटि, खालि, अघि, पछि, बरु, अनि, पनि, भोलि, पर्सि, निम्ति, खेरि, छिः आदि ।

२. 'अरी' प्रत्यय लागेका र यसको अर्थ दिने अव्यय दीर्घान्त हुन्छन् । जस्तै– राम्ररी, बेसरी, बराबरी; भकभकी, खलखली, ह्वालह्वाल्ती आदि ।

विशेष शब्द-विचार

१. संस्कृतबाट जस्ताको तस्तै आएका (तत्सम) शब्द यथावत् लेखिन्छन् । जस्तै–श्री, गणेश, शक्ति, भक्ति, कीर्ति, शीतल, आकाश, रीति, नीति, समीप, शरीर, वीर, वर्षा, बुद्धि, बधू आदि ।

२. मूल शब्दका तद्भव वा वैकल्पिक रूप पनि हुन सक्छन् । जस्तै– गाउँ, खेत, भुइँ, सास, नाइके, रगत, आकाश/अकास, वर्षा/बर्खा, वास/बास, शीतल/सीतल, पुँलिङ्ग/पुंलिङ्ग/पुलिङ्ग आदि ।

३. अन्य भाषाबाट हाम्रो भाषामा जस्ताको तस्तै मिल्न आएका शब्द यथावत् लेखिन्छन् । जस्तै– जोश, होश, जीप, चीफ, शहीद, शिकार, जमीन, गरीब, शेयर, फेशन, शेक्सपियर, सीट, मार्कशीट, टीभी, सीडी, कानून, तूफान, भूल, छूट, स्कूल, कार्टून, जवाफ, रवाफ, मुताबिक आदि ।

४. अन्य भाषाबाट आएका शब्दका झर्रो नियम अनुसारका वा वैकल्पिक रूप पनि हुन सक्छन् । जस्तै– शिकार/सिकार, होश/होस, शेयर/सेयर, गरीब/गरिब, स्कूल/स्कुल, छूट/छुट, कानून/कानुन, कार्टून/कार्टुन, जवाफ/जबाफ आदि ।

५. झर्रोवादी आन्दोलनबाट स्थापित शब्द यथावत् लेखिन्छन् । जस्तै– अक्कास, सित्तल, अखानो, अगावै, अडेसो, अभेक, अहमत्याइँ, कस्केली, ग्रिसेली, उल्था, औतारी, कुहिरे, कुइरे, कैरन, कोकोहोलो, कोसेढुङ्गो, कोसदुएक, पपाँच, गोडादशेक, कौलासो, खटनपटन, खुरुन्धार,

खैराँती, गनोट, गज्मौरो, गलहत्ती, गान्टिनु, जमर्को, घचारो, घुर्मैलो, अनजबाफ आदि ।

६. परम्परागत रूपमा शुरूमा दीर्घ लेखिंदै आएका तद्भव शब्द यथावत् लेखिन्छन् । जस्तै– खीर, कीरो, तीतो, मीठो, मीत, रीस, पीरो, पीठो, दूध, फूल, रूख, रूखो, बूढो, धूलो, ठूलो, पूरा आदि ।

७. नेपाली प्रत्यय लगाउँदा मूल शब्दमा रहेका वर्णहरूलाई नबिगारी लेखिन्छ । जस्तै– स्वीकार्नु, विश्वासिलो, पूर्वेली, पश्चिमेली, पुष्ट्याइँ, एकवर्षे, जोशिलो, बेहोशी, होशियार, खुशियाली, कानूनी, तुषारो, पोषिलो, विदेशिनु आदि ।

अपवाद : पुजारी, चिनियाँ, रिसाहा, मितेरी, सिपालु, जुनेली, दुधिलो आदि ।

८. क. संस्कृतबाट आएका तत्सम शब्दमा शिरविन्दुको सट्टा पञ्चम वर्ण लेखिन्छ । जस्तै– चञ्चल, घण्टा, दण्ड, सन्त, सन्दर्भ, शम्भु, सम्पादक, सम्बोधन आदि ।

ख. अनुस्वार पछि कवर्ग रहेको अवस्थामा भने वैकल्पिक रूपमा शिरविन्दु र पञ्चम वर्ण दुवै लेखिन्छ । जस्तै– अंक/अङ्क/अङ्क, शंख/शङ्ख/शङ्ख, गंगा/गङ्गा/गङ्गा, संघ/सङ्घ/सङ्घ आदि ।

ग. य देखि ह सम्मका वर्ण (य, र, ल, व, श, ष, स, ह) भन्दा पहिले भने शिरविन्दु मात्र लेखिन्छ । जस्तै– संयम, संलग्न, संवाद, संविधान, संशय, संस्कृत, संस्कार, सिंह, संहार आदि ।

घ. अन्य भाषाबाट आएका, तद्भव र झर्रा शब्दमा शिरविन्दु दिइँदैन, उच्चारण अनुरूप पञ्चम वर्ण नै लेखिन्छ । जस्तै– हम्कनु, चम्किलो, चम्चा, गम्छा, सम्धी, सन्चो, बिसन्चो, लन्डन, टेन्डर आदि ।

अपवाद : अंग्रेजी/अङ्ग्रेजी, कांग्रेस/काङ्ग्रेस आदि ।

९. क. डिकोभन्दा माथि मात्रा नभएको स्थितिमा चन्द्रविन्दु लेखिन्छ । जस्तै– तँ, कहाँ, जहाँ, यहाँ, गएँ, खाएँ, छायाँ, दायाँ, बायाँ आदि ।

ख. डिकोभन्दा माथि मात्रा वा रेफ भएको स्थितिमा भने चन्द्रविन्दुको सट्टा शिरविन्दु लेखिन्छ । जस्तै– भनें, गरें, बैंस, सधैं, ढोंग, मानौं, हजारौं, गर्छौं, झार्छौं, कहीं, त्यहीं, हिंड्नु, गिंड्नु, तपाईं, फर्कंदा, झर्कंदा आदि ।

१०. एउटै महाप्राण वर्ण दोहोरिएर आएमा एउटा अल्पप्राणमा परिणत हुन्छ । जस्तै–सक्खर, सुक्खा, नत्थी, पट्ठो आदि ।

पदयोग, पदवियोग

१. समस्त शब्दहरू एउटै डिकोमा लेखिन्छन् । जस्तै– दाजुभाइ, दिदीबहिनी, घटीबढी, यथाशक्ति, छात्रावास, शुभकामना, गाईगोठ, उपसचिव, नीलकण्ठ, पीताम्बर, गोडधुवा, लामपुच्छ्रे, चरीनङ्ग्रे, कपडछान आदि ।

२. क. समास भएपछि पाँच अक्षरभन्दा बढी हुने स्थिति भएमा शब्दहरू छुट्याएर लेखिन्छन् । जस्तै– परराष्ट्र मन्त्री, प्रधान न्यायाधीश, शिष्ट परम्परा, इतिहास शिरोमणि, परराष्ट्र मन्त्रालय आदि ।

ख. व्यक्ति/स्थान/संस्थावाचक नाम भने अभ्यास वा प्रचलन अनुरूप यथावत् लेखिन्छन् । जस्तै– लेखनाथ, बालकृष्ण, लक्ष्मीप्रसाद, त्रैलोक्यनाथ, कृष्णचन्द्रसिंह, जनकपुर, ललितपुर, विराटनगर, राजविराज, विश्वविद्यालय, महाविद्यालय आदि ।

३. एउटै काम जनाउने संयुक्त क्रियापद एउटै डिकोमा लेखिन्छन् । जस्तै– भनिसक्यो, गरिदियो, सुतिहाल्यो, आइपुग्यो, आइपुग्छ, खाइहेर्छ, जानुपर्छ, जानेछ, गएथ्यो, गर्दथ्यो, बस्तथी आदि ।

४. छुट्टाछुट्टै काम जनाउँदा क्रियापद छुट्याएर लेखिन्छन् । जस्तै– भनी सक्यो, गरी दियो, गएँ हुँला, खाई हेर्छ, जाने गर्छ, गरेको छ, भनेको छ, भनेको थियो आदि ।

विशेष : कतिपय संयुक्त क्रियापदहरू एउटा काम जनाउँदा एउटै डिकोमा र छुट्टाछुट्टै काम जनाउँदा छुट्याएर लेखिन्छन् । जस्तै– हुनपुग्यो, हुनपुगें, बन्नपुगे; हुन पुगें, बन्न पुग्यो, भन्न हुन्छ, गर्न सक्छ, खान सक्छ आदि ।

५. विभक्तिहरू शब्दसँग एउटै डिकोमा लेखिन्छन् । जस्तै– ले, लाई, द्वारा, बाट, देखि, को, का, की, मा आदि ।

६. विभक्तिवत् आउने नामयोगीहरू जोडेर वा छुट्याएर दुवै किसिमले लेख्न सकिन्छ । जस्तै– मुनि, माथि, बारे, भन्दा, सँग, वारि, पारि, भित्र, बाहिर, तिर, सित, तर्फ, सम्म आदि ।

७. उपर्युक्त बाहेक सबै नामयोगी र निपातहरू छुट्याएर लेखिन्छन् । जस्तै– मात्र, विना, बाहेक, समेत, अगाडि, पछाडि, सिवाय, मार्फत/मार्फत्, समक्ष, अनुसार, अनुरूप, बराबर, लगायत, मुताबिक, बमोजिम, अन्तर्गत, वटा, जना, चाहिं, भैं, नै, जसरी, जस्तो, जस्तै, समान आदि ।

नेपाली भाषा प्रयोगकर्ता समूह (नेभाप्रस-२०६९) का तर्फबाट :

अजय दीक्षित, अभि सुवेदी, अमर गिरी, अलका आत्रेय चूडाल, अविनाश श्रेष्ठ, इन्दिरा प्रसाई, इल्या भट्टराई, कमलमणि दीक्षित, कालीप्रसाद रिजाल, काशीनाथ न्यौपाने, काशीराज दाहाल, किरण नेपाल, किशोर नेपाल, किशोर पहाडी, कुन्दन अर्याल, केदार शर्मा, कृष्ण धरावासी, कृष्णमुरारी भण्डारी, कृष्णराज सर्वहारी, कृष्णा ताम्राकार, खगेन्द्र संग्रौला, गणेश रसिक, गाउँले बलदेव, गीता केशरी, गीता त्रिपाठी, डा. गोविन्दराज भट्टराई, गोविन्द वर्तमान, चन्द्रकिशोर झा, जगदीश घिमिरे, जैनेन्द्र जीवन, ज्ञानमणि नेपाल, ज्ञानुवाकर, डा. तुलसीप्रसाद भट्टराई, दीपा गौतम, दुर्गाप्रसाद श्रेष्ठ, धनराज गिरी, धर्मेन्द्र झा, धीरेन्द्र प्रेमर्षि, ध्रुव सापकोटा, ध्रुवहरि अधिकारी, नगेन्द्रराज शर्मा, नयनराज पाण्डे, नरेन्द्रराज प्रसाई, नारायण ढकाल, परशु प्रधान, पुरूषोत्तम सुवेदी, प्रकाश सायमी, प्रदीप घिमिरे, प्रेमबहादुर खड्का, बिष्णु प्रभात, मोदनाथ प्रश्रित, मोहन मैनाली, युवराज घिमिरे, राजेन्द्र दाहाल, डा. राजेन्द्र विमल, राप्रउ पोखरेल, रोचक घिमिरे, लक्ष्मीप्रसाद उप्रेती, लोकमणि पौडेल, लोचन भट्टराई, वासुदेवकृष्ण शास्त्री, विनोद नन्दन, विमल आरोही, विमल निभा, विष्णु निष्ठुरी, विष्णुराज आत्रेय, विष्णुविभु घिमिरे, शरच्चन्द्र वस्ती, शार्दूल भट्टराई, शिव गाउँले, शिवगोपाल रिसाल, शिवप्रसाद सत्याल पीठ, शेखर खरेल, शैलेश आचार्य, श्यामल, सनत कुमार, श्रवण मुकारूङ, साई मुनाल पोखरेल, सौरभ, हरि अधिकारी, हस्त गुरूङ, होमनाथ ढुंगाना ।

यो पुस्तिका तयार पार्न प्रेरणा दिने
कृति तथा अमर आत्माहरू

नेपाली कसरी शुद्ध लेख्ने ? (१९९१)
गोपाल पाँडे असीम
हृदयचन्द्रसिंह प्रधान

सम्पादकीय

यो अङ्क

यो अङ्क विद्यार्थी अङ्क जस्तो भैदियो, यद्यपि त्यसो गर्ने मनसाय थिएन सम्पादकको । हामी नेपाली भाषा र वाङ्मयको विकासमा निकै माथि पुगिसकेका छौं । हाम्रा कवि साहित्यिकहरूको लेखाइको स्तर पनि विश्व साहित्यकै हाराहारी पुगेको छ भनेर हामी गर्व गर्छौं । तर यसपछि आउने पुस्ता कस्ता छन् त ? के आफ्ना अग्रजका बाटोमा लागेका छन् उनीहरू ? कहाँ छन् उनीहरू ? यो ऐले धेरैको मन मस्तिष्कमा घुमिरहेको कुरा हो । त्यस कुरामा केही प्रकाश पार्न सकिन्छ कि भनी केही वर्षदेखि हामी त्यतापट्टि पनि चियाउन थालेका थियौं । मदन पुरस्कार गुठीले डाक्टरी पढ्न छानेर पठाउने विद्यार्थीहरूका नेपाली निबन्ध लेखाइ हेर्दा त्यसको भेउ पाउन सकिन्छ कि भन्ने हामीलाई लाग्यो र केही वर्षदेखि 'नेपाली'का अङ्कहरूमा त्यस्ता निबन्धहरूका नमूना हामीले छाप्न थाल्यौं । यस वर्षका त्यस्ता करिब ३०० सय कापीहरूमध्ये केही उत्कृष्ट नमूना हामीले यस अङ्कमा पनि हालेका छौं । त्यसमा थप त्यसकै भगिनी प्रतियोगिता 'विद्या पुरस्कार'का पनि यस वर्षका उत्कृष्ट निबन्धहरू दिन हामी सफल भएका छौं। यी निबन्धहरूबारे विद्वान् पाठकहरूको केही टिप्पणी भए त्यो पनि हामी सुन्न बुझ्न र सुनाउन चाहन्छौं ।

नेकशुले

नेपाली कसरी शुद्ध लेख्ने ? भनी नेपाली हिज्जे (स्पेलिङ) बारे नेभाप्रस (नेपाली भाषा प्रयोग कर्ता समूह) ले अघि सारेको एउटा (शिफारिस) अनुरोध पनि हामीले यस अङ्कमा भित्र्याएका छौं। हिज्जेको हकमा अब 'नेपाली' यसैलाई अनुसरण गर्ने छ भन्ने पनि नम्र निवेदन गर्दछौं ।